# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमी

नेपाली वृहत शब्दकोश अनुसार कुनै बिषयमा एक्लै वा सामूहिक रूपमा गरिने निधोलाई निर्णय भनि परिभाषित गरिएको पाइन्छ । यसै परिभाषालाई आधार मान्ने हो भने कुनै पनि कार्य गर्ने वा नगर्ने भन्ने सम्बन्धमा गरिएको निधो नै निर्णय हो । अर्को शब्दमा कुनै कार्य सम्पादन सम्बन्धमा सम्भाब्य बिकल्पहरू मध्ये उपयुक्त देखिएको बिकल्पको छनोटलाई नै निर्णय भनिन्छ । यस प्रकारका निर्णय गर्ने प्रक्रियाहरू सुक्ष्म सामाजिक संस्था देखि बृहत सामाजिक संस्था सम्म पाउन सकिन्छ ।

घरायसी निर्णय प्रक्रिया भन्नाले हाम्रो घरभित्र हुने स-साना कुरा देखि लिएर ठुल-ठुला कुराहरुको गरिने निर्णयलाई घरायसी निर्णय प्रक्रिया भनिन्छ । जस्तै : खाना कसले पकाउने, घरको सरसफाइ कसले गर्ने, परिवारका सदस्यहरुलाई खर्च के कति दिने, विवाह कहिले र कोसँग गर्ने, परिवारमा बच्चा के कति जन्माउने, बच्चालाई कुन स्कुलमा हाल्ने, जग्गाजमिन के कति किनबेच गर्ने जस्ता निर्णयहरु यस भित्र पर्दछ ।

विश्वको परिवेशलाई हेर्दा महिलाको अवस्था र स्थान परिवार भित्र होस् या बाहिर दुँनियामा निम्न अवस्था नै रहेको पाइन्छ । नेपालको परिवेशलाई हेर्दा जँहा समग्र जनसंख्याको आधा भन्दा बढी महिला रहेको छ । तापनि कुनैपनि कुराको निर्णय लिनुका साथै सबै जसो सुबिधाहरू पनि महिलाले भन्दा बढी पुरूषले पाएको हुन्छ । नेपाल एक पुरूषको वर्चश्व रहेको पुरूष प्रधान देश हो । जहाँ हरेक कुराको निर्णय पुरूषले लिने गर्दछ । महिला पुरूषको सहयोगीको रूपमा मात्र रहेको हुन्छ । नेपालमा महिला र पुरूषको स्थितीमा ठुलो अन्तर पाइन्छ । घरबाहिरको कामहरूमा पुरूषको संलग्नता र समन्वय रहन्छ ना कि महिलाको, जसको बढी संलग्नता घरायसी काममा रहन्छ । यदि बिकाससंग सम्बन्धित क्रियाकलापहरू ग्रामीण गरिब मानिसहरू बिचमा पठाइन्छ भने त्यसमा पुरूष वर्गको सहभागीता बढी रहन्छ ।

राष्ट्र बिकासमा महिलाको महत्वपुर्ण भुमिका हुन्छ । जहाँसम्म पुरूष प्रधान देशहरू छन् जस्तो कि नेपाल, महिलाका सामाजिक आर्थिक स्तर निम्न हुनाका साथै निर्णय गर्ने अधिकार कम रहन्छ । महिलाले  सन्तान उत्पादन, घर गृहस्थीका कार्य र आय आर्जनका बिशेष गरी ३ वटा जिम्मेवारी निर्वाह गर्नुपर्दछ । यति हुँदाहुदै पनि उनीहरूको सन्तान उत्पादन र आर्थिक क्रियाकलाप सम्बन्धी निर्णयमा नियन्त्रण गरिएकको हुन्छ । घरमा संरक्षक, पोषणकर्ता अगाडि बढ्न उत्प्रेरित गर्ने र पथ प्रर्दशन गर्ने जस्ता महत्वपूर्ण कार्यमा महिला अस्तित्त्व असन्तुलित भएको पाइन्छ । नेपालमा महिलाहरू आफ्नो पहिचानबाट भन्दा पनि कसैको छोरी, श्रीमती र आमाको रूपमा नै परिचित भईरहेका छन्  । धेरै जस्तो भूमिका एवम् घर खेत र पारिवारिक जिम्मेवाारीमा मात्रै सीमित गरिएको पाइन्छ (सुवेदी, १९९७)

आर्थिक बिकासमा महिलाहरू पूर्ण सहभागीताबाट बन्चीत हुनुको पछाडिको मूख्य कारण मध्ये सामाजिक संस्कार पनि हो । जुन नतिजाको कारण महिलाको हातमा निर्णायक शक्ति कम हुन्छ । आर्थिक बिकासको निम्ती जति धेरै महिला सहभागीता हुन्छ त्यति नै महिलाको निर्णायक भुमिका बढी हुनेछ । महिलाहरू केबल बच्चा जन्माउने, उनीहरूलाई हुर्काउने काममा मात्र उत्तरदायी हुन्छन् र समाजको बराबरी सदस्यको रूपमा बिकास प्रक्रियामा सहभागी बन्न महिलाको निम्ती धेरै अप्ठेरो हुन्छ भन्ने खालको सामाजिक मान्यता रहि आएको छ । यिनै माथि उल्लेखित सबै कारणहरूको आाधारमा महिलाहरूको स्थितीलाई पुरूषसंग तुलना गर्दा एकदमै कमजोर देखिन्छ जब कि राजनैतिक, सामाजिक, साँस्कृतिक बिकासले कुनै पनि देशभित्र आर्थिक बिकासलाई पछ्याई रहेको हुन्छ । यो सन्दर्भमा संयुक्त राष्ट्र संघद्वारा औपचारिक रूपमा कानुन सम्बन्ध महिलाहरूको स्थिती माथि आधारित भएर नियमहरू बनेका थिए । जसले महिलाहरूलाई उनीहरूको सामाजिक, आर्थिक जीवनमा समान अधिकार दिनलाई प्रयास गरेको छ । साथै कानुनी रूपमानै आर्थिक, सामाजिक, शैक्षिक रूपमा देखिएको लैगिक असमानतालाई हटाउनको निम्ती सुझाव प्रस्तुत गरेको छ (Acharya, १९९७) ।

नेपाल विश्वको दोस्रो मुलुक हो जहाँ पुरूषको भन्दा महिलाको औषत आयू कम छ । हाम्रो परम्परागत मूल्य मान्यता अनुसार जो घरमूली रहन्छ त्यसले कुने पनि कुराको निर्णय गर्छ त्यसै नेपालको २०६८ सालको जनगणना अनुसार २५.७३ प्रतिशत महिलाहरु घरमूलि

रहेको पाइयो । यसले नै थाहा पाउन सकिन्छ कि महिलाहरुले पनि आफ्ना घरमा हुने क्रियाकलापहरुमा निर्णय लिने गरेको पाइन्छ । महिलाको साक्षरता प्रतिशत नेपालमा ५७.४ प्रतिशत र पुरुषको ७५.१ प्रतिशत रहेको छ (CBS, 2011) ।

हरेक जातजातिको आ-आफ्नै सामाजिक मुल्य मान्यता रहेको हुन्छ र सो मुल्य मान्यता अनुसार घरपरिवार भित्रको निर्णय गर्ने प्रक्रिया पनि फरक फरक हुन्छ । नेपालको सन्र्दभमा भन्ने हो भने, उच्च जातिका बाहुन क्षेत्रीहरू भन्दा जनजातिमा निर्णय प्रक्रियामा महिलाहरूको उच्च स्थान रहेको पाइन्छ (Ghimire, 1977) । यस अनुसन्धानमा नेपालको महिलाहरूको घरायसी कामकाजमा गरिने निर्णयमा तिनीहरूको स्थिती तथा भूमिकालाई अध्ययन गर्न खोजिएको छ । यसैगरी उक्त महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थाबारे बुझ्दै छोरी, बुहारी र सासु जस्तो भिन्न - भिन्न पदमा रहेका महिलाहरूको घरपरिवार भित्रका निर्णयमा कस्तो स्थिती छ, पुरूष र महिलाले कुन - कुन क्षेत्रमा निर्णय गर्दछन् भन्ने कुरा अध्ययनको मुख्य बिषयबस्तु रहेको छ ।

## १.२ अध्ययन समस्याको कथन

नेपाली समाजमा महिलाहरू घरायसी काम, उत्पादन क्षेत्रमा कृषिमा पुरूषको तुलनामा बढी समय खर्चिदा पनि उनीहरूको सामाजिक, आर्थिक अवस्था कमजोर छ । शिक्षा, स्वास्थ, पेशा आदि पक्षमा कम पहुँच छ । आफ्नो या परिवारको बिषयमा निर्णय गर्नु पर्दा महिलाको भूमिकालाई वेवस्था गरिन्छ । त्यस अवस्थामा किन दैनिक १० घण्टा काम गर्दा पनि परिवारमा उनीहरूको निणर्य अधिकार कम छ ? यस बिषयलाई प्रत्यक्ष असर पार्ने पक्ष कारणहरूमा महिलाको स्थिती कस्तो छ ? पत्ता लगाउनु पर्ने देखिन्छ । साथै घर भित्रका क्रियाकलापमा पनि निर्णय गर्ने अधिकार कम छ । त्यसो किन भयो र त्यसमा संलग्न अन्य तत्त्व जस्तो सामाजिक, आर्थिक, व्यवसाय, पेशामा कति संलग्न छन् र छैनन् भने किन छैनन् भन्ने कुरा पत्ता लगाउनु एउटा अनुसन्धानको बिषय बन्न सक्दछ ।

नेपालमा महिलाहरूको आत्मानिर्भर हुने निर्णयबाट उनीहरूलाई बञ्चीत गरिएको पाइन्छ । विशेषत महिलाहरूलाई आधारभूत आवश्यकता जस्तो कि खाना, शिक्षा, पोषण, स्वास्थ्य, सीप बिकास, परिवार नियोजन जस्ता कुराको निर्णयमा पछाडि पार्नुका साथै दक्षता मुलक र सीपमुलक कामहरूमा पनि महिला सहभागीतासलाई अवमुल्यन गरिएको पाइन्छ ।

समाजका आर्थिक र सामाजिक दुबै बिकासमा महिलाले महत्त्वपुर्ण भुमिका खेलेको हुन्छ । त्यसकारण बिकासका सम्पूर्ण प्रयासमा महिलालाई अभिन्न सहकर्मीका रूपमा लिइनु पर्दछ (Clarke, 2003, 17) ।

घरगृहस्थी चलाउने सन्र्दभमा पुरूषको तुलनामा महिलाहरू बढी समय काममा खट्ने गर्दछन् । तर त्यसको प्रतिफल स्वरूप आर्थिक नगद आय उनीहरूको नियन्त्रणमा हुदैन र आर्थिक परिचालन गराउने कुरामा पनि उनीहरूको निर्णय एकदमै कम छ ( Acharya and Bennelt ,1983, Agewal, 1994) । घरपरिवार सञ्चालनको प्रक्रियाको निर्णयमा पनि पुरूषको नै बोलबाला रहन्छ । खेत जग्गा किन्ने, बस्तुभाउ किनबेच गर्ने बन्द व्यापारमा लगानी गर्ने जस्ता अनेकौ क्रियाकलापमा पुरूषहरूको निर्णय सर्वोपरी रहन्छ । जब कि यस्ता कार्यमा महिलाहरूको सहभागी बढी हुन्छ (Acharya and Bennelt, 1983) । रातदिन घरायसी काममै व्यस्त रहने महिलाहरूको घरायसी निर्णय प्रक्रियामा के-कस्तो स्थान रहेको छ त्यसलाई अध्ययन गर्न खोजिएको छ ।

महिलाहरूसँग सम्बन्धित हरेक कार्यक्रमहरूले सफलता असफलतामा उक्त कार्यक्रम लागु गरिएको समाजको सामाजिक, साँस्कृतिक वातावरणले अह्म भुमिका निर्वाह गर्दछ । त्यसैले सामाजिक वातावरण, मूल्यमान्यतालाई पहिचान गर्दै गलत संस्कार र सोचको अन्त्य तथा सहि संस्कृतिको सम्मान गर्दै महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गर्नुपर्दछ । जसबाट असफल बन्ने प्रश्न नै उठ्दैन । अध्ययन क्षेत्रका महिलाहरू अदृश्य घर भित्रका तथा त्यस बाहेक कृषि, बच्चाको स्याहारसुसार गर्ने, खाना बनाउने आदि काममा संलग्न छन् । तर त्यसको मौद्रिक मूल्यमा गणना हुदैन । जसको प्रत्यक्ष असर के मा पर्दछ भन्ने कुराको गहिरो अध्ययन गर्न आवश्यक छ । यिनै प्रसंगहरूलाई उजागर गर्दै घरायसी निर्णय प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने तत्त्व, कारण खोज्ने प्रयासका साथ कीर्तिपुर वडा नं ३ का महिलाहरूको घरायसी निर्णय प्रक्रियामा रहेको भुमिका बारेमा अध्ययन गरी एउटा लिखित दस्तावेज तयार गर्ने प्रयास गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

हरेक अध्ययन अनुसन्धानका आफ्नै प्रकारका मौलिक उद्देश्य रहेका हुन्छन् । यस अध्ययनको मुख्य उद्देश्य घरायसी निर्णय प्रक्रियामा महिलाको भूमिका बारेमा अध्ययन गरी सम्बन्धित तथ्य बाहिर ल्याउनु हो, भने बिशिष्ट उद्देश्य निम्न रहेका छन् :

१) महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थाको वर्णन गर्ने ।

२) घरायसी क्रियाकलापमा महिलाको निर्णय गर्ने भुमिकालाई प्रभावित गर्ने तत्त्वहरूको पहिचान गर्ने ।

## १.४ अध्ययनको महत्त्व

कुनैपनि विषयबस्तु अध्ययन गर्नुको पछाडी त्यस बिषयले आँफैमा महत्त्वपूर्ण स्थान राख्दछ । नेपाली समाजमा समग्र महिलाहरूको निर्णय अधिकार पुरूषको तुलनामा कमजोर छ । किन? निर्णय गर्नुपर्ने क्रियाकलापमा महिला पछि छन्, त्यसलाई प्रभाव पार्ने मुख्य तत्त्वहरूको बारेमा जानकारी पाउन सकिनेछ । यस बिषयको अध्ययन गर्नु भनेको खाली महिलाहरूको निर्णय प्रक्रियाको स्थिती सम्बन्धमा तथ्यांक पेस गर्नु मात्र नभएर उक्त तथ्यांक प्राप्त गर्नुको पछाडी के-कस्तो जिम्मेवार सामाजिक-सांस्कृतिक तत्त्वहरूले निर्णायक भुमिका खेलिरहेका हुन्छन्, वा उक्त तथ्यांक कसरी सामाजिक, सांस्कृतिक, आर्थिक आदि परिवेशसंग सम्बन्धित छ भनेर विश्लेषण गर्नुसंग केन्द्रित रहन्छ । जो एक समाज परिवारभित्र महिलाको अन्तर सम्बन्धको पहिचान गर्न पनि हो । त्यसैले यस अध्ययनले समाजशास्त्रीय ज्ञानको उक्त अन्तराललाई परिपूर्ती गर्ने आशा लिइएको छ र यो एक समाज भित्र घट्ने घटनाको महत्त्वपूर्ण समाजशास्त्रीय अध्ययन हो । यस अध्ययनको महत्त्व यस प्रकार छन् :

१ यस अध्ययनले महिलाको सामाजिक, आर्थिक स्तर एवम् महिलाको घरायसी निर्णयको क्षमताको महत्त्वको बारेमा वर्णन गर्दछ ।

२ जुन संघ-संस्थाले घरायसी निर्णयमा महिलाको पहुँचको स्थिती पहिचान गर्ने र स्थिती सुधार गर्न आफ्नो कार्यक्रम अगाडी बढाउन यो अध्ययन सहयोगी हुनेछ ।

३ महिलाको निर्णय प्रक्रियामा रहेको भुमिकाको अवस्थाको जानकारीले वर्तमान अवस्था बुझि आगामी दिनहरूमा अझै महिलाको सशक्तिकरणमा जोड दिन मदत पुग्नेछ ।

## १.५ अध्ययन सीमा

निर्णय गर्ने भुमिकामा महिलाको सहभागिता एउटा वृहत र व्यापक बिषयबस्तु हो यसलाई एक पल्टमात्र अध्ययन गरेर पुग्दैन र सकिदैँन । निश्चित स्रोत साधन र समय अनि आर्थिक कारणले यो अध्ययनका केही सीमा रहेका हुन सक्दछन् । यस अध्ययनका केही सीमा यस प्रकार  छन्  :-

१ यो अध्ययनले कीर्तिपुर क्षेत्रको वडा नं ३ मात्र समेटेको हुनाले यस अध्ययनलाई प्राप्त तथ्याङ्क अरु क्षेत्रका महिलाहरूसँग मेल नखान पनि सकिन्छ ।

२ यसले २५-६० बर्षका महिलालाई मात्र समेटेको छ  ।

३ यो अध्ययन घरायसी सञ्चालनमा महिलाको स्थिती विश्लेषणमा केन्द्रित छ ।

# अध्ययन दुई
# सन्दर्भ साहित्यको पुनरावलोकन

साहित्यिक पुनरावलोकन कुनै पनि अध्ययन अनुसन्धान संरचनाको महत्त्वपूर्ण पक्ष हो । नेपालमा महिलालको घरायसी निर्णय प्रक्रियामा कस्तो भूमिका रहेको छ । सहभागीमा तथा महिलाको अवस्था, स्थिति, लैङ्गिक विभेद सम्बन्धी हाल सम्म गरिएका विभिन्न अध्ययन, अनुसन्धान तथा विभिन्न समयमा प्रकासित गरिएका कृतिबाट पत्ता लगोका तथ्याङ्कहरूले प्रस्तुत अध्ययनलाई सहयोग गर्ने आशयका साथ यहाँ उल्लेख गरिएको छ ।

## २.१ सैद्धान्तिक अवधारणा

लैङ्गिक दृष्टिकोण समाजशास्त्र तथा मानवशास्त्रको एउटा वैकलिप्क दृष्टिकोण हो, जसले महिला र पुरुष बीचको सम्बन्धलाई व्याख्या विश्लेषण र अध्ययन गर्दछ । लैङ्गिकले महिला र पुरुषलाई नछुट्याइ बरु तिनीहरू बिचको सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक कामहरूको सम्बन्धलाई जोड दिन्छ । हाम्रो दृष्टिमा लैङ्गिक अध्ययनले बढी महिला केन्द्रित भएर अध्ययन गर्दछ जस्तो लागेपनि यसले महिला र पुरुष दुवैको बारेमा अध्ययन गरेको हुन्छ । घरभित्र हुने विभिन्न क्रियाकलापहरुमा केही कुरामा पुरुषको निर्णय लिन्छ भने केही कुरामा महिलाले निर्णय लिने भएकोले घरायसी निर्णय प्रक्रियालाई लैङ्गिक दृष्टिकोणले सम्मान रहेको पाइन्छ । विश्व लगाएत नेपालको सन्दर्भमा पुरुषको तुलनामा महिला पछि परेकोले पुरुषको स्थिति सरह पुऱ्याई समान गतिमा महिला र पुरुषको यात्रा अगाडि बढाउनुपर्दछ भन्ने आधारमा यस दृष्टिकोणले बोकेको हुँदा बढी महिला केन्द्रित देखिन्छ । समाजशास्त्र तथा मानवशास्त्रमा लैङ्गिक दृष्टिको आउनु अघि जति दृष्टिकोण आएका थिए ती सबैले पुरुषलाई आफ्नो अध्ययनको केन्द्रविन्दु बनाएका थिए । महिलालाई केबल पुरुषका सहयोगीका रूपमा व्याख्या विश्लेषण गरेका थिए । वास्तवमा महिलाहरू किन पुरुष भन्दा कमजोर देखिए त ? के महिलाहरू जैविक संरचनाका दृष्टिले गर्दा पछाडि परेका हुन् ? आदि विभिन्न प्रश्नहरूलाई यस दृष्टिकोणले खोतल्ने प्रयास गरेको पाइन्छ । जसको निष्कर्ष स्वरुप महिलाले पनि पुरुष सरह काम गर्न सक्छ । महिलालाई पनि पुरुषलाई जस्तै अवर प्रदान गर्ने हो भने उनीहरुपनि अघिबढ्न सक्छ भने धारणा पाइन्छ ।

घरपरिवार तथा आर्थिक क्रियाकलापमा महिलाहरूलाई निर्णय गर्ने अधिकार दिइएन बरु अझ् धेरै १८/१८ घण्टा सम्म कार्यमा लगाइयो । महिलाहरूलाई सामाजिक रूपमा निम्न रूपमा हेर्दै जाँदा महिलाहरूको अवस्था दयनिय र कमजोर बन्न पुगेको देखिन्छ । यसै सन्दर्भलाई कमला भासिन भनिन्छन् : जन्ममा हरेक महिलामा पुरुषत्व र हरेक पुरुषमा नारित्व पनि हुन्छ । जब बालबालिकाहरू सामाजिकीकरण हुँदै जान्छन् तब महिला र पुरुषलाई असमान व्यवहार गरिन्छ । महिला र पुरुषको शरीर प्राकृतिक न्यायिक दृष्टिले समान हुन्छ तब यही शरीरलाई आधार मानेर फरक फरक लैङ्गिक भूमिका निर्धारण गरिएकोले होइन सामाजिक संरचनाले गर्दा हो । त्यसैले समाजलाई परिवर्तन गर्दै महिलाहरूको स्थानलाई माथि उठाउन पुरुष, महिला दुवैको योगदान हुन्छ भन्ने कुरालाई यस दृष्टिकोणले जोड दिन्छ । सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी दशक घोषण गरिनु, नैरोवी, येक्सीको, कोपन हेगनमा, बेजिङ्गया महिला सम्मेलनहरू हुनु पनि WID, WAD, GAD जस्ता उपागमा देखा पर्दे जानु अति दिगो र समानतामुखी विकास महिला पुरुषबाट मात्र समभव छ भन्ने कुरा आत्मानुभूति हुँदै जाने क्रममा लैङ्गिक दृष्टिकोण प्रतिपादन हुन पुगेको पाइन्छ (अर्याल, २०६५) ।

## २.२ महिलावादी अवधारणा

मानव सभ्यताको प्रारम्भमा शूक्ष्म अवस्थामा आइसक्दा पितृतात्मक दमन र शोषण असमान अवस्थामा रहेका छन् । पितृसत्ताले समाजका हरेक क्रियाकलाप, विकास, सिद्धान्त, कला, साहित्य आदि जस्ता क्षेत्रमा महिलाको भूमिकालाई वास्ता गरेको हुदैन , यस्तो समाजको वैकल्पिक रूप प्राप्त गर्नका लागि महिलाहरू जागृत भएको देखिन्छ । त्यही अवस्थाबाट नै नारीवादको उदय हुन गएको पाइन्छ । वास्तवमा पुरुष दमन र शोषणको विरोध गर्दै महिलाले पनि पुरुषसरह अवसर उपभोग गर्न पाउनु पर्छ भनी देखा परेको आन्दोलन वा दर्शन नै महिलावाद हो । महिलावाद भन्ने अवधारणाको सुरुवात अठारौं शताब्दी देखि नारीवादका पहिलो, दोस्रो र तेस्रो धार हुँदै अगाडि बढिरहेको पाउँछौ भने सन् १९८० देखिको नारीवादलाई आधुनिकवादी अवधारणाका रूपमा हेरिएको पाइन्छ । यद्यपी महिलाहरू शोषित पीडित तथा दमित छन् भन्ने कुरा सन् १८४८ मा पहिलो पटक न्यूयोकमा महिला अधिकार सम्मेलन भएको थियो । त्यसबेला नै महिला र पुरुष समान रूपले यस धर्तीमा सिर्जिएका हुन् तर महिलाहरू माथि भेदभाव कायम नै छ भन्ने

आधिकारिक घोषणा गरिएको थियो । जसमा महिलाहरूले समानताका लागि घोषणा पत्र समेत प्रकाशनमा ल्याएका थिए (श्रेष्ठ, २०६६) ।

लैङ्गिक असमानताका तत्वहरू लैङ्गिककोृ सामाजिक संरचना लैङ्गिक श्रम, विभाजन, सार्वजनिक र निजी क्षेत्रमा मूल्य र व्यवहार, पितृसतात्मक विचार धारा रहेका छन् । महिलाहरूलाई निजी क्षेत्रको उत्तरदायित्व बहन गर्ने जिम्मेवारी प्रदान गरन्छ भने पुरुषहरूलाई सार्वजनिक क्षेत्रको कामको पहुँचमा महत्व दिइन्छ । उदार महिलावादीहरू सार्वजनिक क्षेत्रको काममा वास्तविक सम्मान हुने र पैसा शक्ति, स्तर, प्रगतिका अवसरहरू र आत्मसन्तुष्टि पनि हुने उल्लेख गर्दछन् । यसरी सम्मानपूर्वक सार्वजनिक पेशाहरूबाट महिलाहरूलाई अलग गरिएका लैङ्गिक असमानताको स्थिति सृजना भएको उद्वार नारीवादको तर्क छ । उदार नारीवादले महिला र पुरुष दुवैलाई आफ्ना जीवनशैली छनोट र स्वीकार र सम्मान गर्नुपर्ने धारणा राखेको छ । छनोट स्वतन्त्रता, अवसरको स्वतन्त्रता आदि मुद्धाहरू उदार नारीवादहरूले उठाएका छन् (ओझा, २०६३) ।

धेरै महिलाहरू अथवा नारीवादहरू मध्ये सन् १९६० को दशकमा देखा परेको महिला आन्दोलनलाई अगाडि बढाउन सहयोग गर्ने उदारवादी नारीवाद हो । लैङ्गिक असमानता सिद्धान्तको उदाहरण उदार नारीवाद हो । यसको मूख्य जोड युक्ति संगत नैतिक संस्थाका लागि महिलाहरूको मानवीय क्षमतामा आधारित भएर पुरुषसँग समानताको दावी गर्नुपर्दछ भन्ने रहेको छ । यसका अनुसार लैङ्गिक विभेद, पितृसत्ता र श्रम विभाजनलाई हस्तान्तरण गर्दै कानुन, काम, परिवार, शिक्षा र संचार जस्ता मूख्य संस्स्थाहरूलाई पुर्नसंरचना गर्नुपर्दछ । उदार नारीवादका अनुसार सबै महिला र पुरुष समान तरिकाले सृष्टि भएका हुन् । तिनीहरूलाई खास खालका अविभाज्य अधिकारहरू तिनीहरूका सृष्टिकर्ताले प्रदान गरेको छ । तिनीहरू केही मध्ये स्वतन्त्रता जीवन र समृद्धि हुन् (Ritzer, 2000)।

समग्रमा महिलावाद भन्नाले एउटा त्यस्तो विचार हो । जुन पुरुष र स्त्रीका विचमा असमानतालाई अस्वीकार गर्दै नारीको सबलीकारणका प्रकृयालाई बौद्धिक कियात्मक रूपबाट प्रस्तुत गरिन्छ । त्यस्तै नारीवाद त्यस्तो सिद्धान्त हो । जस अन्तर्गत अमानता र सबलीकरणको महिला र पुरुष विचको प्रर्याप्त समाजगत असमानतालाई नकार्नुपर्छ । यद्यपी महिलावादी सम्बन्धमा विभिन्न विभेदहरू देखा परेका छन् ।

मिना आचार्य (१९९३) ले नेपालमा नारीवादको इतिहास बारे चर्चा गर्दा विकासे महिला संस्थाहरूका अतिरिक्त छुट्टै महिला आन्दोलन पनि भलिरहेको थियो भन्ने कुरा स्वीकार्छिन् । तर उनले वर्ग र विचारधाराको आन्दोलनको चर्चा गरेकी छिन् त्यो सरकारी महिला संस्थाहरूभ्कै राजनीतिबाट अलग्याइएको विकास क्षेत्रभित्रै फसेको थियो भन्ने कुरालाई महशुस नगरेको देखिन्छ । यद्यपी उनी आफैले के कुरालाई उल्लेख गर्दिन् भने संयुक्त राष्ट्र संघ तथा द्विपक्षीय दाता नियोगहरूले अन्तराष्ट्रिता महिला वर्ष १९७५ पछि लैङ्गिक समानता माथि दर्शाएको चासो तथा महिलासँग सम्बन्धित क्रिपाकलापहरूका लागि बनाइएको ति महिला आन्दोलनकारीहरूलाई अगाडि ल्याउनका लागि महत्वपूर्ण थियो । डा. मिना आचार्यले नेपालको महिला आन्दोलनलाई यी चार अवधिहरूमा बाँढेकी छिन् :-

१. सन् १९१७- १९४९
२. सन् १९५० -१९६०
३. सन् १९६० - १९९०
४. सन् १९९० - पछिको समयावधि

## १. सन् १९१७ - १९४९

पहिलो अवधिभित्र सन् १९१७ मा स्थापित महिला समिति, सन् १९४६ को आदर्श महिला समिति तथा सन् १९४७ को नेपाल महिला संघ जस्ता सुरुका महिला संगठनहरूको स्थापना पर्दछ ।

## २. सन् १९५० - १९६०

यस अवधिमा नपालको पहिलो संसदमा महिलाहरू निर्वाचित गरिनु पर्छ भन्ने जस्ता सवालहरूका आधारमा राजनैतिक पार्टीहरूसँग सम्बन्धित महिला संगठनहरू स्थापित भए ।

## ३. सन् १९६० - १९९०

तेस्रो अवधि चाहि पञ्चायतको वर्गीय संगठनका रूपमा यस अवधिमा पञ्चायति सरकारले नै नेपाल महिला संगठन खडा गऱ्यो । खास गरी सन् १९७५ लाई संयुक्त राष्ट्र सधले अन्तराष्ट्रिय महिला वर्ष भनेर घोषणा गरेपछि पञ्चायतले महिलाहरूका लागि विभिन्न कार्यक्रमरु पनि शुरु गऱ्यो ।

## ४. सन् १९९० पछिको समायावधि

अन्तिम अवधि सन् १९९० को जनआन्दोलन पछिको अवधिमा चाँहि महिलाहरूको सक्रियतामा वृद्धि भएको कुरा चलनचल्तीमा स्वीकारिएको छ ।

यी प्रकृतिहरूको निरन्तरताको नै आचार्यले उल्लेख गरेका नेपालमा नारीवादी आन्दोलन नभई बरु विभिन्न महिला समूहहरूले एउटा -एउटा आंशिक सवाललार्य मात्रै उठाएका छन् भन्ने कुराको कारण ती संकेत गर्दछ ।

शारीरिक रूपमा विश्वका महिला एकै किसिमका भएता पनि सांस्कृतिर्क सामाजिक, राजनीतिक र आर्थिक दृष्टिकोणमा भने परिवेश, समय र स्थान अनसार महिलाको अवस्था भिन्न र परिवर्तननशील छ । सन् १९८० को दशकदेखि भने समानताको विषयले मान्यता पाउँदै आएको छ । महिला सशक्तिकरण महिलाको उत्थानका लागि पूर्वाधारका रूपमा पहिचान भएको विषय हो । संसारका कुनै पनि देशमा जहाँ महिलाले पुरुष सरह अधिकार पाएका छनन् अथवा पाएको भएता पनि अधिकार प्रयोग गर्नमा सामाजिक, आर्थिक वा राजनीतिक बन्धन छ । त्यसलाई पन्छाउँदै विकासको मूल प्रवाहमा ल्याउनु महिला सशक्तिकरण हो । यसै अनुरूप विभिन्न अवतिक योजनाले महिला सशक्तिकरणको नीति र कार्यक्रम तर्जुमा र कार्यान्वयन हुनुपर्नृ विषयमा जागरण ल्याउँदैछ ।

त्रिवर्षिय योजना (२०६७/६८ - २०६९/७०) ले महिलाको मूलभूत र समान अधिकार सुनिश्चित गर्दै समुन्नक्त न्यायपूर्ण र लैङ्गिकरूपले समावेशी तथा समतामुलक नयाँ नेपालको निर्माण गर्ने दीर्घकालिन सोच राखी सो को कार्यान्वयनका लागि स्थानीय तह देखि राष्ट्रिय तह सम्मका नीति निर्माण तथा निर्णय प्रक्रियामा महिलाको प्रतिनिधित्व ३३ प्रतिशत सुनिश्चित गर्न नीतिगत कानून सुधार एवम् सकारात्मक कार्य गर्ने नीति अख्तियार गरेको छ । यस योजनाको लैङ्गिक विकास सुचाङ्क ०.५९२ मा पुऱ्याउने र लैङ्गिक सशक्तिकरण मापन ०.४५० मा पुऱ्याउने र नीति निर्माणमा महिला प्रतिनिधित्व कम्तीमा ३३ प्रतिशत पुऱ्याउने परिमाणात्मक लक्ष्य लिएको छ ।

राष्ट्रिय महिला आयोगमा आर्थिक वर्ष २०६७/०६८ को साउन देखि पुस सम्म शारीरिक हिंसाका १७, मानसिक हिंसाका २४ र आर्थिक हिंसाका २७ गरी ६८ वटा उजुरी परेका थिए । प्रहरी प्रधान कार्यलय अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका

सेवा निर्देशनालयको तथ्याङ्क अनुसार नेपालमा महिला हिंसाको अवस्था भयवह देखिन्छ । तथ्याङ्क आ.व. २०६७/०६८ मा बलात्कारमा ४ सय ९७, बलात्कारको प्रयास १ सय ४५, मानवेबचबिखा १ सय ६१, गर्भपतन १२, बहुविवाह २ सय ४ र घरेलु हिंसाका घटना १ हजार ३ सय ५५ दर्ता भएका थिए । यसबाट पनि महिलाको अवस्था घरमा, समाजमा र देशमा कस्तो छ भन्ने प्रष्ट हुन्छ (कुँवर, २०६८) ।

महिलावादीका अनुसार निर्णय प्रक्रियामा महिलाको पहुँच पुऱ्याउनु मात्र सशक्तिकरण होइन बरु झैं त यस्तो बृहत प्रक्रिया हो : जसले महिलाहरूलाई उनीहरूमा रहेको आन्तरिक क्षमताको पहिचान गर्नुकासाथै आफू दबिएको थाहा पाउन र त्यो दमन साथै बिरुद्ध प्रतिकार गर्न सक्षम बनाउँछ । सशक्तिकरणको अन्तिम लक्ष्य भनेको व्यक्तित्व विकास हो । जसमा आत्मविश्वास बढाउनु, सामाजिक अन्तरक्रिया स्रोत साधनको बाँडफाँड या निर्णय गनृे अधिकार, कसरी जीवन यापन गर्ने जस्ता विषयमा पर्याप्त छनोटका अवसरहरू उपलब्ध हुनुपर्ने जस्ता कुरालाई समाविष्ट हुन्छ (अर्याल, २०६७) ।

नेपालकै केन्द्रिय तथ्याङ्क विभाग, ०५९/६० को तथ्याङ्क अनुसार नेपालमा पुरुष अपांगको तुलनामा महिला अपांगको प्रतिशत बढिरहेको छ । कूल शारीरिक अपांग, ४०४९८ मध्ये महिला २१००१ र पुरुष १९७९७ रहेका छन् । शैक्षिक स्तर हेर्दा २०५८ सालको जनगणना अनुसार ६५.१ प्रतिशत पुरुष र ४२.५ प्रतिशत महिला साक्षर देखिन्छन् । जसमा महिला र पुरुषमध्ये केवल बढ्न मात्र सक्ने साक्षरताको स्थितिलाई हेर्दा ५.९ प्रतिशत छ । जसमध्ये पुरुष ०.६ प्रतिशत र महिला ५.८ प्रतिशत रहेको छ । यसबाट के बुझिन्छ भने पुरुषको तुलनामा महिलाको शैक्षिक स्थिति कम देखिन्छ ।

Nepal Human Development Report 1998 को अनुसार नेपालमा महिला साक्षरता २४ प्रतिशत छ जबकी पुरुषको साक्षरताको स्थिति ५० प्रतिशत छ । ञयससभनभ भिखर्भा मा हेर्ने हो भने १९९१ मा प्रत्येक छ पुरुषको विचमा १ जना महिला मात्रै ञर्याभिनभ आएका हुन्छन् । एशियाकै कुरा गर्ने हो भने सन् १९९९ सम्म माल्दिभ्समा ९३ प्रतिशत, श्रीलङ्कामा ९० प्रतिशत ; भारतमा ५१.५ प्रतिशत साक्षरताको स्थिति रहेको छ भने अनुसार नेपालमा जम्मा २६ प्रतिशत मात्र साक्षरताको स्थिति रहेको छ ।

वि.सं. २०३८ सालको जनगणना अनुसार ४८.८ प्रतिशत र वि.सं. २०४८ सालको जनगणना अनुसार ५०.१ प्रतिशत, २०५८ सालको जनगणना अनुसार भने ५०.१३ प्रतिशत महिला जनसंख्या रहेको छ । यस प्रकार देशको कुल जनसंख्याको भ्रुण्डै आधा भाग ओगटेको महिलावगृहरू अशिक्षित हुन्  घरको चुलो चौकामा नै सिमित हुनुले निश्चय पनि राष्ट्रिय विकास अभियानमा गतिरोध आउँछ (शाह, २०५८) ।

Kaur (1987) ले हरियाना राज्यमा गरेको एउटा वैयक्तिक अध्ययनमा विशेष गरेर ग्रामिण परिवार विचमा घर र फार्मको सवालमा महिलाहरूको निर्णयको पहिचानको निम्ति निर्णायक भूमिका दिन आवश्यक छ भन्ने कुरा माथि जोड दिएकी छन् । बच्चाहरूको खाना तथा पौष्टिक आहारको सवालमा बाहेकककक अन्य विषयमा अन्तिम निर्णयकर्ताको रूपमा महिला विषयमा भेटिदैनन् भन्ने कुराको उनले दावी गरेकी छिन् । महिला मण्डल जस्तो महिलाहरूको संगठनमा समेत स्वतन्त्र रूपमा ुसहभागी बन्न निर्णय गर्न पाउँदैनन् । केही विषयमा बाहेक श्रीमान्द्वारा आर्थिक निर्णयहरूमा विस्तारै महिलाहरूलाई पन्छाएको पाइन्छ । त्यसकारण योजनाहरू, कार्यक्रमहरू यसरी बनाइनुपर्दछ । कि जसले महिलाहरूको दक्षता क्षमता र गहन निर्णायक क्षमतालाई सहयोग भनेकी छिन् ।

राष्ट्रिय जनगणना २०६८ को प्राप्ती नतिजा अनुसार जम्मा २,६४,९४,५०४ मा पुरुष १२८४९०४१ र महिला १३६४५४६३ रहेका छन् । लैङ्गिक अनुपात ९४.१६ रहेको छ । संरचनाको क्षेत्रमा महिलाको अवस्थालाई हेर्दा कुल जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगटेको महिलाहरूको समावेशी संरचना अन्य क्षेत्रमा झैँ सञ्चासर माध्यमको सामग्री पनि नगन्य रूपा देखिएको छ । अध्ययन अवधि भित्र ५ वटा नेपाली ब्रोडशीत अखबारमा छापिएका कुल १४१६५ वटा सामग्री मध्ये महिलाका विषयमा छापिएका समाचार १ सय १७ मात्र पाइयो । महिलासँग जोडिएको सामग्रीहरू केवल ०.८२ प्रतिशत अनुपातमा छापिएका छन् । यो तथ्यबाट मुलधारका दैनिक अखबारले महिला सम्बन्धी समस्याहरूलाई प्राथमिकताका रूपमा दिन सकेका छैनन् । राष्ट्रिय दैनिक अखबारले महिलाका मुद्रालाई नगन्य स्थान दिएका छन् भन्न सकिन्छ । महिला अधिकारवादी प्रतिभा सुवेदीका अनुसार संसारमा ७० प्रतिशत महिलाहरू निरक्षर छन् । नेपालमा १५ वर्ष माथिका साक्षरता हेर्दा ५२ प्रतिशत कायम छ । यसमा पुरुष ५९ र महिला ३८ प्रतिशत साक्षर छन् तसर्थ पत्रपत्रिका पढ्ने क्षेत्रमा महिलाको पहुँच ज्यादै कम छ । सञ्चारका माधयमले महिलाहरूको

परम्परागत स्वरूप मात्र प्रस्तुत गर्ने र विज्ञापन निर्माण गर्ने संस्थानहरूले महिलाहरूलाई उपयोग्य वसतुमा रूपमा प्रतिबिम्बति गर्ने परिपाटीले गर्दा महिलाप्रतिको भूमिका बारे जनसमक्ष जागरण ल्याउन सञ्चार जगत्मा महिला अनुकुल नीति निर्माण गर्न आवश्यक छ (घिमिरे, २०६५) ।

महिलाले दिन प्रतिदिन दास झैं घरायसी काम गरिरहेका हुन्छन् । विभिन्न तनाव र सामाजिक उत्तरदायित्वका नाममा दबाब चुपचाप आफ्नो काँधमा बोकी रहेका हुन्छन् । यद्यपी नेपालको सन्दर्भमा महिला र पुरुष सम्बन्धी यस्तो अवस्थामा बराबरी कानुनी व्यवस्था चाहिँ नभएको होइन । तर पनि महिलाको भविष्य उज्यालो र सोचे अनुसारको हुनबाट टाढा हुँदै गएको छ । अत्याधिक काम गर्ने महिलाको ठूलो समूह शिक्षा र अवसरहरूबाट वञ्चित रहेको छ । स्वभाविक रूपमा नै आत्मविश्वासको कमी एवम् समाजमा चलिआएको संस्कारलाई मान्यता दिएको कारण पुरुषको तुलनामा उनीहरूको विकास कमी भएको पाइन्छ । उनीहरूले जातिय भेदभावको मार, दाइजोप्रथाको दबाब मात्रै नभइकन परिवार भित्रै पनि एउटा बोझको रूपमा रहनु परेको छ ।

यस्ता धेरै अवस्थामा महिला शारीरिक एवम् मानसिक दुवै पक्षबाट पिडित भएका छन् । प्रायः महिलाहरू छोराछोरीका भलाई जस्ता निर्धारित घेरामा रहेर बाँच्न बाध्य छन् । शिक्षाबाट वञ्चित हुनु र रोजगारीको क्षेत्रमा पक्षपात गर्नु जस्ता कुराले महिलाले खेत बारीका काममा ध्यान दिनुको बाहेक विकल्प छैन जसले उनीहरूको भविष्य अन्यौलमा परिरहेको हुन्छ ।

हामी अहिले प्रचलित भन्दा बेग्लै र समाजले निर्देशित गरेको नियम भन्दा वैकल्पिक रूपमा महिलालाई अवसर दिन चाहन्छौं । अशिक्षित महिलाहरू जो भोकै पनि केही सिकिरहेका छन्, अवसरबाट टाढा भएका महिलामा केही गरौं भन्ने चाहना छ, जो असल जीवनको लागि क्रान्ति गरिरहेको छन् । त्यस्ता महिलालाई केही सहयोग मात्र पुऱ्याउने हो भने उनीहरूले यस संसार बदल्न सक्दछन् ।

निर्णय गर्ने तहमा महिला सहभागिताले महिला सबलीकरणलाई अंकति गर्दछ । निर्णय गर्ने अधिकारमा महिलाको सहभागिताका लागि NDHS-2006 ले उठान गरेको जानकारी अनुसार महिलालाई आफ्नो स्वास्थ्यको ख्याल गर्ने, गृहस्थीको ठूला खरीद बिक्रीमा

र दैन्य आवश्यक आवश्यकता, आफन्त र नातागोता भेटघाट जस्ता चारवटा कुरामा अधिकार पाउनु पर्ने उल्लेख छ ।

महिलाको निर्णय गर्ने अधिकारको भूमिका निर्णय अनुसार फरक पर्छ । नेपालको सन्दर्भमा महिलाको स्थिति निर्णय गर्ने अधिकारमा कारण निकै निम्न छ । यसर्थ महिलाको निर्णय गर्ने अधिकार वृद्धि गर्नुपर्ने देखिन्छ । संस्कृतिको कारण पनि महिलाको निर्णय गर्ने हक कम भएको पाइन्छ । यदि महिलाको स्तर सुधार गर्ने हो भने सामाजिक अन्याय र लैङ्गिक विभेदलाई हटाई निर्णय गर्ने क्षेत्रमा महिला सहभागिता बढाउनु अनिवार्य छ ।

## २.३ सामाजिक संस्कृतिक दृष्टिकोण

प्रसिद्ध समाजशास्त्री Lynn Benet (1983) ले आफ्नो अनुसन्धानात्मक पुस्तक "Dangerous wives and Sactred Sister : Social and Symobolic roles of high cast women in Nepal" मा पनि आमाको रूपमा सामाजिक सांस्कतिक रूपले महिलालाई उच्च सम्मान र श्रीमती र बुहारीको रूपमा अपमानित तथा कष्टप्रद जिवन, लोग्नेको दासीको रूपमा बस्नु पर्ने धार्मिक सांस्कृतिक मान्यता रहेको कुरा उल्लेख गरिएको छ । जसमा यसै प्रसङ्गलाई उजागर गर्दै कुमारीलाई पवित्रता तथा शुद्धतासँग जोडेर हेरिन्छ भने सन्तान उत्पादन गर्ने कार्यमा संलग्नतालाई Pollution सँग जोडिएको छ । महिलाहरूमा उमेर बढ्दै जाँदा Pollution/Sexuality बढ्दै जान्छ भन्ने यस किताबमा उल्लेखित छ । महिलाहरूलाई हिन्दु धर्म दर्शनमा आधारित नेपाली समाजले शक्ति र प्रकृतिको रूपमा हेरेको छ । प्रकृति सधैं oncultured हुन्छ र महिलाप्रति हिन्दु सामाजिक सांस्कृतिक दृष्टिकोणलाई महिला शक्ति+प्रकृति खतरा समीकरणको राम्रोसँग प्रतिनिधित्व गर्छ । यस्तै महिला प्रति सामाजिक, सांस्कृतिक पक्षले पनि प्रत्यक्ष उनीहरूको घरायसी निर्णय प्रक्रियामा रहेको भूमिकालाई उजागर गर्दछ । पुरुषहरूलाई बढी अवसरहरू प्रदान गरिन्छ । जसले गर्दा महिलाहरूको भन्दा उनीहरूको बाँच्ने अवसर बढी हुने गर्दछ । महिलाभएकै कारण समाजले गर्ने सामाजिकीकरणबाट तिनीहरू भविष्यमा अन्य क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्दैनन् । सन् १९८९ को तथ्याङ्क अनुसार विश्वका दुई तिहाई महिलाहरू अशिक्षित रहेका छन् । साथै उनीहरूको विश्वको तिन प्रतिशत भन्दा कम सम्पत्ति स्वतन्त्रापुर्वक प्रयोग गर्दछन् । तर केवल ९.३% मात्र संसदामा प्रतिनिधित्व रहेको छ । असमानताका कारण विभिन्न समाजमा भिन्न भिन्नै रहेता पनि पुरुषको तुलनामा महिलाको स्थिति दयनिय छ (ओझा, २०६३) ।

नेपालमा भएको प्रजातान्त्रिक संघर्षको इतिहासमा नेपाली महिलाहरूको उल्लेख्य योगदान रहँदै आएको छ । २००४ साल देखि २०६२/०६३ को जनआन्दोलन सम्म आइपुग्दा महिलाहरूको दिएको आफ्नो साहसीका र बलिदानपूर्ण योगदान विश्वका अगाडि उदाहरणीय बन्न पुगेको छ । तर पितृसत्तात्मक सोचको प्रधानाता र राज्य संरचनाका हरेक तहबाट महिलाहरूको योगदान र भूमिकालाई स्विकार गर्न नसक्ने मानसीकताको अहिले पनि महिलाहरू हरेक क्षेत्र पछाडि पारिएका छन् । देशमा प्रजातन्त्र स्थापनाको लागि महिलाहरूले लेखेको उतसाहवर्धक भूमिका र योगदानको कदर नगरी २०४७ सालको संविधानमा महिलाहरूलाई पुरुषसरह सबै क्षेत्रमा समान न्याय, अधिकार र समानता प्रदान गर्ने कुरा कञ्जुस्याई नै गरियो । त्यसकारण पुरुष प्रधान मानसिकताले व्याप्त समाजमा सजिलै तरिकाले महिलाहरूलाई प्रत्येक क्षेत्रमा समान रूपमा सहभागी तुल्याउने कुरा सम्भव छैन । समतामूलक प्रतिनिधित्व र सहभागीताको लागि अब हुने भनिएको संविधान सभा नेपाली महिलाहरूको अवसरको रूपमा लिएको छ (महिला सुरक्षा दवाव समूह, २०६३/६३) ।

नारीवादी Syliva Walby को मान्यता अनुसार परिवारभित्र लोग्ने र स्वास्नी बिचमा वर्गीय सम्बन्ध हुन्छ र यस्तो लिङ्गमा आधारित श्रम विभाजनले लैङ्गिक भिन्नतालाई निम्त्याउँछ । घरको काम महिलाले गर्दछन् तर कठिन र फरक प्रकृतिको भएर पनि यसलाई अवमूल्यन गरिन्छ । पुरुषहरू बाह्य काममा उपयुक्त हुन्छन् भन्ने मान्यतासहित उनीहरू सामाजिक, आर्थिक, कार्यहरूमा संलग्न हुन्छन् । जसले गर्दा परिवारका महिला पुरुषमाथि निर्भर हुन पुग्दछन् । महिलाहरूले मुख्य रूपमा खास खालका पेशाहरूमा ध्यान केन्द्रित गरेको पाइन्छ । महिलाहरूका यस्ता पेसाहरू केही बाहेक अरु सबै अप्राविधिक वा कम प्राविधिक कम मूल्य पाउने र कम हैसियतका रहेका छन् । महिलावादीहरू भन्छन् महिलाहरू तिनीहरू भित्रको अन्तनिर्हित नारित्व गुणले गर्दा तिनीहरू रोजगारी प्राप्त गरेका हुन् । ती पेशाहरूमा महिलाहरूलाई रोजगारी दिएको छ जुन तिनीहरूको प्रकृति अनुसार मिल्दो छ कि समानताको लागि नारिवादीहरूका अनुसार महिलहरू दोब्बर मर्कामा परेका छन् । किनभने तिनीहरू बजारको कारणले बाहिरको कामको साथै घरभित्रको, परिवार, परिवारकासदस्यहरू र बृद्धहरूको हरचाह गर्नुपर्ने बाध्यता रहेको छ । ती महिलाहरू जो पूरा समय रोजगारीमा खर्च गर्दछन् । तर पनि घरको उत्तरदात्यिव वहन गर्नै पर्दछन् । यसको विपरित विवाहित तर लामो समयसम्म बेरोजगारी पुरुषहरूको उनीहरूको फुर्सदको समय घरभित्र श्रममा खर्च गर्दैनन् (ओझा, २०६३) ।

# अध्याय-तिन

# अनुसन्धान विधि

यस अध्यायमा अनुसन्धान क्रममा प्रस्तुत अनुसन्धान प्रश्नहरको उत्तर प्राप्तिका लागि प्रयोग गरिएका विधिहरू जस्तै : अध्ययन क्षेत्रको छनोट, अनुसन्धान ढाँचा, तथ्याङ्कका स्रोतहरू, नमुना छनोट प्रक्रिया तथा विधि, तथ्याङ्क संकलन साधन, तथ्याङ्कको विश्लेषण र विवेचना, अध्ययनको समग्रता सम्बन्धमा विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

## ३.१ अध्ययनको क्षेत्रको छनोट

काठमाडौं जिल्लाको दक्षिणी भेगमा रहेको कीर्तिपुर नगरपालिकामा १९ वटा वडाहरू समेटिएको छ । जम्मा १४.७६ फैलिएको कीर्तिपुरको जन सङ्ख्या ६५६०२ रहेको छ । जसमध्ये ३६४७६ पुरुष र २८१२६ महिला छन् । १९४४१ घरधुरी रहेको कीर्तिपुरको वडा नं. ३ मा मात्र २५०२ घरधुरी रहेको छ र यो १९ वटा मध्ये सबैभन्दा बढी घरधुरी भएको वडा हो । जहाँ ४३५२ पुरुष र २९९१ महिला गरी जम्मा ७३४३ जनसङ्ख्या रहेको छ (कीर्तिपुर नगरपालिका, २०६८) ।

## ३.२ अनुसन्धानको ढाँचा

यो अनुसन्धान वर्णनातमक तथा परिमाणात्मक ढाँचामा तयार गरिएको छ । यस अध्ययनमा सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरूलाई व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिने हुनाले यो अध्ययन वर्णनात्मक ढाँचामा रहेको छ । त्यसैगरी यस अध्ययनमा उत्तरदाताले दिएको तथ्याङ्कहरूलाई तालिकीकरण गरी सङ्ख्यात्मक आधारमा विश्लेषण गरिने भएकाले यस अध्ययनको ढाँचा परिमाणात्मक रहेको छ ।

## ३.३ तथ्याङ्कको स्रोतहरू

यस अध्ययनमा तथ्याङ्क सङ्कनलका स्रोतको रूपमा प्राथमिक स्रोत र द्वितीय वा सहायक स्रोतको प्रयोग गरेको छ ।

### ३.३.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत सम्बन्धित व्यक्तिहरूबाट प्राप्त तथ्याङ्कहर रहनेछ ।

### ३.३.२ द्वितीय स्रोत

द्वितीय स्रोत अन्तर्गत विभिन्न प्राप्त तथ्याङ्क तथा विभिन्न पूर्व प्रकाशित दस्तावेज एवम् लेखरचनाहरू रहनेछन् ।

## ३.४ अध्ययनको समग्रता

काठमाडौं जिल्लाको कीर्तिपुर नगरपालिका वडा नं. ३ मा रहेको जम्मा घरधुरी मध्यको ३४ जना महिला रहनेछन् ।

## ३.५ नमुना छनोट प्रक्रिया

यस अध्ययन प्रतिवेदन तयार पार्नका लागि काठमाडौं जिल्लाको कीर्तिपुर नगरपालिकाको वडा नं. ३ लाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिनेछ र नमुनाको रूपमा छनोट गरिएको उक्त क्षेत्रका जम्मा २५०२ घरधुरी मध्ये ३४ घरधुरीको सम्भावनायक्तु नमुना छनोट अन्तर्गतको Simple Random Sampling प्रयोग गरी ३४ जना महिलालाई समावेश गरिन्छ ।

## ३.६ तथ्याङ्कको संकलनका साधन

अध्ययनले निर्धारण गरेको उद्देश्यहरूलाई परिपूर्ति गर्न संगठित गरिएको प्रश्नावली सही छ वा छैन, प्रश्नहरूको व्यवहारिकता कस्तो छ, कुनै प्रश्न थपघट गर्नुपर्ने छ कि ? भनी अध्ययन क्षेत्रमा प्रयोग गर्नुपूर्व नै परीक्षण गर्नुपर्ने हुन्छ । त्यसै क्रममा कमितमा १० जना महिलामा पुर्न परीक्षण गरिनेछ ।

## ३.७ तथ्याङ्कको विश्लेषण र विवेचना

कुनै पनि अध्ययन अनुसन्धानमा तथ्याङ्क संकलन मात्रै मुख्य कुरा नभई यसको उपयुक्त प्रस्तुतीकरण विश्लेषण तथा व्याख्याबाट मात्रै अध्ययनको उपलब्धि हासिल गर्न

सकिन्छ । कार्य सम्पन्न पछि आफ्नो उद्देश्य अनुसार सङ्कलित गरिएका तथ्याङ्कहरूलाई विभिन्न शीर्षकहरूमा विभाजन गर्न तालिकीकरण गरिएको छ । साथै आवश्यकता अनुसार तालिकीकरण गरिएको तथ्याङ्कलाई विभिन्न वृत्त चित्र तथा स्तम्भहरूबाट पनि प्रस्तुतीकरण गर्न प्रयास गरिनेछ र अन्तमा यस अध्ययनबाट प्राप्त नतिजा अनुसार प्राप्ति, निष्कर्ष र सुझावहरू पनि प्रस्तुत गरिएको छ ।

# अध्याय - चार

# उत्तरदाताको व्यक्तिगत तथा पारिवारिक पृष्ठभूमि

शोध अध्ययनका लागि कि.न.पा. वडा नं. ३ अन्तर्गत पनि नयाँ बजार संगमबस्ती, तःनानी लगायतका ठाउँहरुका मानिसहरूको सामाजिक, आर्थिक तथा जनसंख्या सम्बन्धी आवश्यक जानकारीहरू संकलन गरियो । जसबाट प्राप्त तथ्याङ्कको आधारमा पनि कि.न.पा. वडा नं. ३ का नेवारी, ब्राहमण, क्षेत्री र सार्की जातको महिलाहरूको अवस्था, घरायसी निर्णय प्रक्रियामा उनीहरूको भूमिकाबारे थाहा पाउन सकिन्छ । स्थलगत अध्ययन गर्दा उत्तरदाताहरूबाट संकलन गरिएका तथ्याङ्कहरूलाई निम्न शिर्षकहरूमा प्रस्तुत गरिएका छन् ।

## ४.१ व्यक्तिगत पृष्ठभूमि

### ४.१.१ उमेर

यस शोध अध्ययनका लागि ३४ उत्तरदाताहरूलाई छानिएको छ जसको उमेर समूहलाई जम्मा ४ भागमा विभाजन गरिएको छ । उत्तरदाताको उमेरगत विवरणलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ उमेरको आधारमा उत्तरदातको विवरण**

| उमेरगत समुह (वर्षमा) | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २५–३५ | ५ | १४.७१ |
| ३६–४५ | १४ | ४१.१७ |
| ४६–५५ | १० | २९.४१ |
| ५६–६० | ५ | १४.७१ |
| जम्मा | ३४ | १०० |

सोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका नं. १ अनुसार ३४ जना उत्तरदाताहरू मध्ये सबैभन्दा बढी उत्तरदाताको उमेर समूह ३६-४५ वर्ष ४१.१७ प्रतिशत रहेको छ । त्यसैगरी सबभन्दा कम

उमेर समूहमा २५-३५ वर्ष १५.१५ प्रतिशत रहेको छ । उमेर समूह (४६-५४) उमेर समूहको २४.२४ प्रतिशत रहेको छ भने ५६ देखि माथि २१.२२ प्रतिशतका हिसाबले समान रहेको पाइयो ।  २५-३५ वर्षभित्रको उत्तरदाताको संख्या ५ मात्र रहेको छ । जो थोरै छ किनभने तथ्याङ्क संकलन गर्न जाँदा यस उमेरका महिलाहरू प्राय जसो कलेज कामतिर गएका हुन्थे । भेटिएका मध्ये पनि कोही बुहारी, आमा भएको कारण आफ्नै काममा व्यस्त हुन्थे । यस समूहका उत्तरदाता धेरै भेट्न सकिएन ।

### ४.१.२ वैवाहिक स्थिति

अध्ययन क्षेत्रका महिलाहरूको वैवाहिक स्थिति कस्तो रहेको छ भनि पत्ता लगाउन ३४ जना उत्तरदाताको वैवाहिक स्थिति अनुसार पाँच तहमा विभाजन गरी तालिकामा प्रस्तुत गरिएको छ । साथै कुन उमेरमा कम तथा बढी विवाह हुन्छ भनि पत्ता लगाई विश्लेषण गर्न तिन उमेर समूहमा उत्तरदातालाई विभाजन गरी तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ वैवाहिक स्थिति**

| वैवाहिक स्थिति | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | २४ | ७०.५८ |
| विधवा | ६ | १७.६४ |
| सम्बन्धविच्छेद | ३ | ८.८२ |
| एकल महिला | १ | २.९५ |
| जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका नं. २ मा उल्लेख भए अनुसार जम्मा ३४ जना महिलाहरू मध्ये २४ जना (७०.५८)% विवाहित ६ जना (१७.६४)% चाँहि विधवा त्यस्तै ३ जना (८.८२)% सम्बन्धविच्छेद भएका महिला छन् भने १ जना (२.९५)% एकल महिला रहेको पाइयो । केही सिमित मात्रामा भेटिएका अविवाहित महिलाहरू जो बोल्न लाज मानेर, खुलेर परिवारको अगाडि बोल्न कर मान्ने भएको कारण उत्तरदाता महिला भित्र अविवाहितको संख्या शून्य रहयो । साथै अर्को कारणमा उमेरको हिसाबले २५ वर्ष भन्दा माथिका महिला पूर्ण

परिपक्कता हुने भएको कारण २५ वर्ष भन्दा माथिका उत्तरदाताहरू लागिएको थियो । जो २५ वर्ष माथिका छन् उनीहरूको विवाह भैसकेको कारणले छानिएका उत्तरदाता महिलाहरू थिए । यस क्षेत्रका महिलाहरूको सम्बन्धविच्छेदको कारण श्रीमान् रोजगारीका लागि बाहिर अथवा पारिवारिक महिलाको कारण सम्बन्धविच्छेद हुने गरेको देखिन्छ ।

### ४.१.३ विवाह गर्दाको उमेर

**तालिका नं. ३ विवाह गर्दाको उमेर उत्तरदाताको विवरण**

| विवाह गर्दाको उमेर (वर्षमा) | संख्या | प्रतिशत |
|---|---|---|
| १५-२० | १० | २९.४१ |
| २१-२५ | १९ | ५५.८८ |
| २६-३० | ५ | १४.७१ |
| जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका नं. ३ अनुसार ३४ उत्तरदातामध्ये उमेर समूह (१५-२०) वर्षमा १० जना, (२६-३५) वर्ष भित्रमा १९ जना र (२६-३०) वर्षभित्रमा ५ जना को विवाह भएको देखिन्छ । २१ देखि २५ वर्ष भित्रमा सबभन्दा धेरै ५५.८८ महिलाको विवाह भएको पाइयो । सबभन्दा कम २६ देखि ३० वर्ष भित्रमा १४.७१ महिलाको विवाह गरेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रका महिलाहरूको आफ्नै शिक्षालाई निरन्तरता दिनुका साथै आर्थिक रूपमा सबल बनि आफ्नो खुट्टामा आफै उभिनुपर्छ भन्ने सोचका कारण महिलाहरूको विवाह २० वर्ष भन्दा माथि भएको तालिका नं. ३ बाट प्रष्ट हुन्छ । विवाह गरेर गएपछि सधैं घर बसेर घरको काममा मात्र सिमित राखेर जिविको पार्जन गाह्रो हुने भएकोले महिलाहरू बरु केही समय पछि नै विवाह गर्दछन् तर आफू सक्षम बनेर मात्र विवाह गर्नुपर्छ भन्ने धारणाको विकास भएको पाइन्छ र यसलाई आफ्नो परिवारका सदस्यले पनि धेरै नै साथ दिएको पाइन्छ । यस अध्ययन क्षेत्रमा विहेवारी २० वर्ष पारी भन्ने सोचको बाहुल्यता पाइयो ।

### ४.१.४ साक्षरता शैक्षिक स्थिति

कि.न.पा. वडा नं. ३ अन्तर्गत नमुना छनौटमा परेका ३४ घरधुरी मध्येका महिलाहरूको शैक्षिक अवस्थालाई हेर्दा यस क्षेत्रका महिलाहरूको शैक्षिक स्थिति राम्रै रहेको पाइन्छ । यहाँका महिलाहरू पुरुषको तुलनामा अलि कम पढेको पाइयो ।

**तालिका नं. ४ शैक्षिक अवस्थाको विवरण**

| साक्षरता शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर (लेखपढ गर्न नजान्ने) | ५ | १४.७० |
| साक्षर (सामान्य लेख्न जान्ने) | ७ | २०.५९ |
| प्राथमिक तह (१ देखि ५ कक्षा) | २ | ५.८८ |
| नि.मा.वि. (६ देखि ८ कक्षा) | २ | ५.८८ |
| मा.वि. (९ देखि १० कक्षा) | ७ | २०.५९ |
| उच्च मा.वि. (१० देखि माथि) | ११ | ३२.३६ |
| जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।


माथिको तालिका नं. ४ अनुसार सबभन्दा धेरै ११ जना ३२.६३ महिला उच्च शिक्षा हासिल गरेका छन् । ७, ७ जना साक्षर र मा.वि. सम्म शिक्षा हासिल गरेका छन् भने ५ जना (१४.७०) प्रतिशत महिला पूर्ण रूपमा लेखपढ गर्नै जान्दैनन् र प्राथमिक तह र नि.मा.वि. तहमा २, २ जना गरी (५.८८)% महिलाहरूले शिक्षा हासिल गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ औपचारिक शिक्षा हासिल गरेका छन् । त्यसको कसैले न्यून तह सम्मको शिक्षा पाएका छन् त कसैले उच्च शिक्षा हासिल गरेका पाइयो ।

### ४.१.५ कृषि पेशा बाहेक अन्य पेशाको विवरण

अध्ययन क्षेत्रका केही महिलाहरू कृषि पेशामा संलग्न छन् । शिक्षित महिलाहरूको बाहुल्यता बढी भएका कृषि पेशा बाहेक अन्य पेशामा संलग्न छन् । कृषि उत्पादनले अतिरिक्त आम्दानी भन्दा पनि जिविको पार्जन सम्म पनि पुग्न मुश्किल छ । परिवार भित्र तथा बाहिरका क्रियाकलापमा महिलाको कति भूमिका छ ? उनीहरूको निर्णय कति चल्दछ

भन्ने कुरालाई महिलाको आफ्नो पेशा तथा त्यसबाट प्राप्त आम्दानीको ठूलो प्रभाव पर्दछ । त्यसकारण पनि हामीले उत्तरदाता महिलाहरूको पेशा तथा आम्दानीको बारेमा जान्न जरुरी देखिएकाले तलको तालिका तथा चित्रमा तथ्याङ्क प्रस्तुत गरिएको छ ।

**चित्र नं. १ : कृषि बाहेक अन्य पेशाको विवरण**




माथिको चित्र नं. १ अनुसार कृषि पेशा बाहेक अन्य पेशा छ कि छैन भनेर सोध्दा सबभन्दा धेरै ६४.७१% उत्तरदाता महिलाहरूको कृषि बाहेक अन्य पेशा भएको पाइयो । त्यसको तुलनामा १२ जना अर्थात् ३५.२९% महिला कृषि पेशामा संलग्न भएको पाइयो । यसले के प्रष्ट पार्दछ भने उत्तरदाता मध्ये अधिकांश महिलाहरू कृषिमा संलग्न छैनन् उनीहरूको आर्थिक पक्ष ठिकै छ । यसका साथै अरु पेशामा संलग्न महिलाहरू पनि छन् । स्थलगत अवलोकनबाट के प्रष्ट हुन्छ भने उनीहरू आफ्नो परिवारभित्र पनि निर्णय प्रक्रिया आर्थिक कारोवार तथा अन्य घरायसी छलफलमा पनि अलि अगाडी परेको नै देखियो ।

### ४.१.६ मासिक आम्दानी तथा स्वामित्वको अवस्था

अधिकांश नेपाली समाजका महिलाहरू घरायसी काममा व्यस्त हुने र थोरै मात्रामा भएको आम्दानीमा पनि आफ्नो स्वामित्व कमैको मात्र रहन्छ । महिलाको आम्दानी तथा त्यस माथिको स्वामित्वले उनीहरूको पारिवारिक स्तरमा रहने भूमिका, स्थान, विचारमा प्रभाव पार्दछ । त्यसकारण अध्ययनको उद्देश्य नजिक पुग्नको लागि अध्ययन क्षेत्रका महिलाहरूको आम्दानी, त्यसका श्रोत, कस्तोमा परिचालन गर्दछन् वचतको अवस्था बारेमा

विभिन्न प्रश्न तथा अवलोकन मार्फत् बुझ्न प्रयास गरिएको थियो । जस अनुसार यस न.पा. का महिलाहरूको रु.५००० देखि १०,००० सम्मको आम्दानी देखियो । आम्दानी कम भए पनि  क्रमशः महिलाहरू पनि आम्दानी गरेका छन् त्यसमध्ये सबभन्दा धेरै ७९.५४% महिलाहरूको चाहि आम्दानी माथि पकड रहेको पाइयो, जुन महिलाहरूको पक्षमा सकारात्मक देखिन्छ । उनीहरूमा एक किसिमको आत्मविश्वास बढेको पाइयो । तर उनीहरूसँग कुराकानी, विचारलाई बुझ्दा जति आम्दानी गर्दछन् त्यसमा केही मात्र बचत पनि गर्दछन् । किनभने उनीहरूको आम्दानी दैनिक घर व्यवहार खर्च गर्दछन् । जसले गर्दा आफ्नो लागि उनीहरू बचत गर्न सक्दैनन् । जसले उनीहरूको आम्दानीले दैनिक घर व्यवहार खर्च पनि गर्दछन् र आफ्नै लागि केही बचत पनि गर्छन् ।

## ४.२ उत्तरदाताका

### ४.२.१ पारिवारिक आकार

सर्वेक्षण गरिएका घरधुरी भित्रका सदस्य संख्याको आधारमा पारिवारिक आकार कस्तो कस्तो छ भन्ने कुरा विश्लेषण गर्न खोजिएको छ । जसको लागि परिवारको आकारलाई चार तहमा विभाजन गरेर विश्लेषण गरिएको छ ।

**तालिका नं. ५ परिवारको संख्याको आधारमा पारिवारिक आकार**

| पारिवारिक आकार | संख्या | प्रतिशत |
|---|---|---|
| १-३ | १० | २९.४१ |
| ४-६ | १९ | ५५.८८ |
| ७-९ | ५ | १४.७१ |
| जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

माथिको तालिका नं. ५ अनुसार ४-६ सदस्य भएको, १९ घरधुरी ५५.८८ प्रतिशत छ । जुन सबभन्दा धेरै छ । यसबाट के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रमा ४-६ सदस्य भएका घरपरिवार धेरै पनि मानिदैन र कम पनि मानिदैन र त्यस्तै १ देखि ३ सदस्य भएको घरधुरी १० छ क्रमश अति न्यून संख्या भएको घरधुरी ५ छ । जसमा ७-९ सदस्य रहन्छन् । जुन

क्रमश २९.४१ प्रतिशत र १४.७१ प्रतिशत रहेको छ । यसलाई हेर्दा दुई सन्तान ईश्वरका वरदान भन्ने भनाई यस क्षेत्रमा लागू भएको देखिन्छ । परिवार नियोजनप्रति अझ बढी चासो रहेको देखिन्छ । धेरै सन्तान जन्माउने प्रवृत्तिमा कमी आएको देखिन्छ । यसरी ४-६ संख्या भएको परिवार बढी हुनुमा छोराछोरी, आफुहरू र आमा बाबा रहेका छन् ।

## ४.२.२ घरमूलि

**तालिका नं. ६ : घरमूलिका आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १३ | ३८.२३ |
| पुरुष | २१ | ३१.७७ |
| जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

माथिको तालिका नं. ६ अनुसार ३४ घरधुरी मध्ये २१ घरधुरीमा पुरुष घरमूली रहेको पाइयो । जुन ६१.७७ प्रतिशत छ भने त्यसको तुलनामा १३ घरधुरीमा महिला घरमूली रहेका छन् । जुन ३८.२३ प्रतिशत छ । यसबाट अनुमान लगाउन सकिन्छ कि अधिकांश घरपरिवारमा पुरुष घरमूली छन् । जसको कारण घरभित्र तथा बाहिरका प्रायजसो आर्थिक तथा सामाजिक क्रियाकलापमा उनीहरूको वर्चस्व देखिन्छ । महिलाहरू पुरुषको सहयोगीको रूपमा प्रस्तुत देखिन्छन् । घरधुरीको रूपमा महिलाको उपस्थिति कमी हुनुले परिवारभित्र उनीहरू दोस्रो दर्जामा छन् भन्ने सकिन्छ ।

३८.२३ प्रतिशत घरधुरीका महिला हुनुको पछाडि तिनीहरूमध्ये धेरै जना विधवा भएको कारण सबै आफुले व्यहोर्नुपर्ने भएकोले घरमूली छन् भने कोही घरमा महिला आफैले पुरुष भन्दा बढी काममा खट्नुपर्ने, नोकरी पनि भएको, श्रीमान भन्दा जान्ने बुझ्ने भएको कारणले उनीहरूको मुख्य स्थानमा देखिएको छ । अन्यथा हाम्रो समान पितृसतात्मक समाज जहाँ घरमा, समाजमा पुरुषको प्रमुख स्थान हुन्छ । उनीहरूको आदेशमा परिवारका अन्य सदस्यहरू चल्नुपर्ने हुन्छ । धार्मिक मूल्य मान्यता, समाजका नियम पनि पितृसतात्मक सोच अनुरूप हुन्छन् जसको कारण पुरुष बढी सक्रिय हुन्छन् । त्यसकारण पनि अध्ययन क्षेत्रका अधिकांश घरमा पुरुष घरमुली नै पाइयो ।

### ४.२.३ परिवारको मुख्य आयस्रोत

नेपाल एक कृषि प्रधान देश हो । तर पनि आजको समयमा हरेक व्यक्तिको शिक्षामा पहुँच भएका कारण हरेक व्यक्ति कृषि भन्दापनि अरु काममा संलग्न भएका देखिन्छन् । जुन तथ्य कि.नं.पा. भित्रका ३४ घरपरिवार गरिएका सर्वेक्षणबाट प्रष्ट हुन्छ । जसका लागि पेशालाई ३ तहमा विभाजन गरी तलको तालिकामा तथ्याङ्क प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ : पारिवारिक मुख्य पेशा तथा व्यवसाय**

| क्र.सं. | पेशा/व्यवसाय | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नोकरी | १३ | ३८.२३ |
| २ | कृषि | ६ | १७.६४ |
| ३ | व्यापार | १५ | ४४.१३ |
| जम्मा | | ३४ | १०० |

माथिको सर्वेक्षण २०७२ ।

मीथको तालिका नं ७ अनुसार सबभन्दा धेरै १५ अर्थात् ४४.१३ परिवार व्यापार पेशामा संलग्न छन् । त्यसपछि नोकरी र कृषिमा क्रमश १३,६ अर्थात् ३८.२३%, १७.६४% परिवार संलग्न छन् । यसबाट के थाहा हुन्छ भने अधिकांश परिवारले मुख्य पेशा व्यापार अपनाएको देखिन्छ । अगाडिको तालिकामा जहाँ उत्तरदाता महिलाको तथा अन्य महिला सदस्यहरूको शैक्षिक अवस्था प्रस्तुत गरिएको छ । त्यसबाट अनुमान लगाउन सकिन्छ कि महिला बढी नोकरीमा संलग्न छन् साथै प्रत्येक घरपरिवारमा कृषि पेशालाई निरन्तरता दिने काममा पनि महिलाहरू बढी संलग्न छन् । यसले महिलाहरू कति धेरै समय काम गर्दछन् । जहाँ प्रत्यक्ष आर्थिक लाभका साथै सहयोगीको रूपमा पनि देखिन्छन् भन्ने कुरा अनुमान गर्न सकिन्छ ।

### ४.२.४ परिवारको सदस्यहरूको उमेरगत तथा लैंगिक विवरण

अध्ययन क्षेत्रमा जम्मा ३४ वटा घरधुरीका सदस्य संख्याहरूलाई ६ वटा उमेर समूहमा विभाजन गरी जम्मा जनसंख्याको अवस्था पत्ता लगाउने प्रयास गरिएको छ । त्यसै मध्येबाट महिला तथा पुरुषको सङ्ख्या पनि छुट्टा छुट्ट प्रस्तुत गरिएको छ । जसले विभिन्न

उमेर समुहका महिला तथा पुरुषको जनसंख्या विच तुलनात्मक अध्ययन तथा जनसंख्याको बनोट बुझ्न मद्दत पुऱ्याउने हुन्छ । जुन प्रस्तुत तालिकामा देखाइएको छ ।

**तालिका नं. ८ उत्तरदाताको परिवारका सदस्यको उमेरगत तथा लैङ्गिक विवरण**

| उमेर समुह | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| ० देखि ५ | ४ | ४.०८ | ४ | ४.५९ | ८ | ४.३२ |
| ६-१५ | १२ | १२.२४ | ८ | ९.१९ | २० | १०.८१ |
| १६-२५ | २१ | २१.४२ | २४ | २७.५८ | ४५ | २४.३२ |
| २६-३५ | ३२ | ३२.६५ | २८ | ३२.१८ | ६० | ३२.४६ |
| ३६-४५ | २० | २०.४३ | १६ | १८.३९ | ३६ | १९.४५ |
| ४६ देखि माथि | ९ | ९.१८ | ७ | ८.०७ | १६ | ८.६४ |
| जम्मा | ९८ | | ८७ | | १८५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

तालिका नं. ८ अनुसार अध्ययन क्षेत्र ३४ घरधुरीमा सबै उमेरका महिला तथा पुरुषको जम्मा जनसंख्या १८५ रहेको पाइयो । जस मध्ये ९८ पुरुष तथा ८७ जना महिला छन् । महिला र पुरुषको जनसंख्या विच त्यतिफरक देखिँदैन । २६-३५ वर्ष उमेर समूहमा सबभन्दा बढी ३२.४६ प्रतिशत जनसंख्या पाइयो । जसमा महिलाको तुलनामा पुरुषको सङ्ख्या बढी रहेको छ ।

### ४.२.५ परिवारको सदस्यको साक्षरता/शैक्षिक स्थिति

समाज परिवर्तनको एक मुख्य मेरुदण्डहरूमध्ये शिक्षा पनि एक हो । मानिसको चेतना स्तर वृद्धि हुनु भनेको शिक्षा वा ज्ञानको प्राप्ती नै हो । सामाजिक जिवनलाई सहज बनाउन व्यक्ति तथा समाजमा र अन्य समाजसम्म अन्तरक्रिया गर्न विभिन्न खोल स्रोतहरूको परिचालन गर्न शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । शिक्षा भने कुनै दैवी वा अदृश्य शक्तिबाट बनेको वा सिर्जना भएका हुँदैन । यो त केवल सामाजिक सदस्यहरूको चिन्तत मनन, जीवन भोगाई र समाजको सूक्ष्म अध्ययनको परिणाम हो ।

कुनै पनि समाजको समुदायको कस्तो छ ? भन्न बित्तिकै त्यहाँका सदस्यहरूको शैक्षिकस्तर खोजिन्छ । त्यसैले विकसित वा अल्पविकसित समाजको मापदण्डको रूपमा शिक्षालाई लिने गरिएको छ । झन् महिलालाई पुरुष सरह समाजमा स्थापित गराउन मुख्य उनीहरूको शिक्षालाई जोड दिनुपर्दछ । यसै सन्दर्भका अध्ययन क्षेत्रका सदस्यहरूको शिक्षाको अवस्थालाई बुझ्न काठमाण्डौं जिल्ला भरिका विभिन्न तहमा रहेका शिक्षक, शिक्षिकाको संख्याले पनि प्रष्ट पार्दछ । किनभने यस जिल्लामा पेशागत रूपमा पहिलो प्राथमिकता तथा धेरै संख्यामा शिक्षण पेशामा संलग्न छन् ।

**तालिका नं. ९ परिवारका सदस्यको साक्षरता/शैक्षिक स्थिति**

| साक्षरता/शैक्षिक स्थिति | पुरुष | | महिला | | कुल | कुल % |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | |
| निरक्षर (लेखपढ गर्न नजान्ने) | ३ | ३.०६ | ६ | ६.९० | ९ | ४.८६ |
| साक्षर प्रा.वि.(Play Group-५) | १३ | १३.४० | १७ | १९.५४ | ३० | १६.२१ |
| नि.मा.वि. (६-८) | २२ | २२.४० | १६ | १८.३९ | ३८ | २०.५४ |
| मा.वि. (९-१०) | ३५ | ३५.७१ | २८ | ३२.१९ | ६३ | ३४.०५ |
| उच्च मा.वि. (१० वदेखि माथि | २५ | २५.४३ | २० | २२.९८ | ४५ | २४.३४ |
| जम्मा | ९८ | | ८७ | | १८५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

तालिका नं. ९ मासबै माथि उमेर समूहका सदस्यहरूका साक्षरता तथा शैक्षिक स्थितिलाई प्रस्तुत गरिएको छ । तालिकामा पुरुष साक्षरता सबभन्दा बढी ३५ जना मा.वि. तहसम्म अध्ययन गरेको देखिन्छ भने सबभन्दा कम ३ जना (३.०६) % निरक्षर छन् । २५ जना पुरुष (२५.४३)% ले १० भन्दा माथिको शिक्षा हासिल गरिएको पाइयो र २२ जना (२२.४०)% ले नि.मा.वि. सम्म अनि १३ जना (१३.४०)% ले चाँहि play Group - ५ सम्मको शिक्षा हासिल गरिएको पाइयो । यसले पुरुषहरू धेरै निरक्षर छैनन् भन्ने देखाउँछ । त्यसैगरी महिला साक्षरतामा हेर्दा १७ जना (१९.५४) % महिलाले मा.वि. सम्मको शिक्षा हासिल

गरेको पाइयो भने १० भन्दा माथिको शिक्षा लिनेमा २० घरधुरी (२२.९८)% महिलाहरू पाइयो । त्यस्तै Play grop देखि ५ सम्म हासिल गर्नेमा १७ जना (१९.५४)% छन् त १६ जना (१८.३९)% ले नि.मा.वि. सम्मको शिक्षा हासिल गरेका छन् । त्यस्तै ६ जना महिला चाहि निरक्षर भेटिए पुरुषको तुलनामा दोब्बर रूपमा महिलाहरू निरक्षर रहेको पाइयो भने २८ जना महिलाले मा.वि. सम्म शिक्षा हासिल गरेको पाइयो ।

### ४.२.६ परिवारका सदस्यको पेशा तथा व्यवसाय

नेपाली समाजमा परिवार भित्र पनि विभिन्न खालको पेशा अपनाएको पाइन्छ । जिविकोपार्जनको मुख्य आधारको रूपमा परिवारको एउटा पेशा भएतापनि जमीनको उर्वराशक्ति घट्दो तथा जनसंख्या वृद्धिको कारण समय परिवर्तन सँगै परिवारका सदस्यहरूले वैकल्पिक पेशा अपनाएको पाइन्छ । जनगणना २०६८ अनुसार काठमाण्डौं जिल्लामा ३५.३५% मानिसहरू कृषि तथा ६४.६५% गैरकृषिमा संलग्न छन् । जसको लागि पेशा तथा व्यवसायलाई ४ भागमा विभाजन गरी अध्ययन क्षेत्रका मानिसहरूको पेशागत विवरण लिने प्रयास गरिएको छ । जुन बाट प्राप्त तथ्याङ्कलाई प्रस्तुत तालिकामा देखाइएका छ ।

**तालिका नं. १० उत्तरदाताको परिवारका सदस्यको पेशा तथा व्यवसाय**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १६ | १३.६७ |
| व्यापार | ६८ | ५८.११ |
| नोकरी | ३३ | २८.२० |
| जम्मा | ११७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

माथिको तालिका नं. १० अनुसार सबभन्दा धेरै व्यापारमा संलग्न छन् । जसमा ६८ अर्थात् ५८.११ जनसंख्या पाइयो । यसबाट के प्रष्ट हुन्छ भने प्रत्यक्ष जिविकोपार्जनको प्रमुख पेशा व्यापार भएको देखिन्छ । १० नम्बर तालिकामा १५ वर्ष भन्दा माथिको उमेर समूहका सदस्यहरूको पेशालाई मात्र प्रस्तुत गरिएको छ । साथै जो विद्यार्थी छन् उनीहरूको प्रत्यक्ष आम्दानी नहुने भएकोले पनि उनीहरूलाई समावेश गरिएको छैन । नोकरी तथा कृषिमा

क्रमश २८.२०%, १३.६७% मानिसहरू संलग्न रहनुले मानिसहरूले वैकल्पिक पेशाको रूपमा अपनाएको देखिन्छ। धेरै जनसंख्या अध्ययनरत रहनुले शिक्षाको स्तर क्रमश बढ्दो देखिन्छ। त्यस्तै मानिसहरू बढी व्यापारतिर लागेको देखिन्छ। शिक्षित व्यक्तिमा पढेको अनुसारको नोकरी पाउन नसक्ने कारणले होला प्राय जसो मानिस व्यापारतिर लाग्छन्।

# अध्याय - पाँच

# घरायसी निर्णय प्रकृयामा महिलाको भूमिका

अध्ययन क्षेत्रका महिलाहरूको सामान्यमा आर्थिक, शैक्षिक, पारिवारिक अवस्थाको बारेमा जानकारी अध्याय चारमा विभिन्न तालिका मार्फत् प्रस्तुत गरियो । जसमार्फत् पनि सामान्यतया पुरुषहरूको तुलनामा महिलाहरूको परिवारभित्र वा बाहिर विभिन्न क्रियाकलापमा निर्णय शक्ति कति रैछ भन्ने अनुमान लगाउन सकिन्छ । तर यस अध्यायमा अझ गहिराईमा पुगेर महिलाहरूको अवस्था र निर्णयप्रक्रियामा उनीहरूको भूमिकाको विश्लेषण गरिएको छ । महिलाहरूको निर्णय गर्ने शक्तिलाई समाजका विभिन्न तत्वहरू जस्तो आर्थिक पक्ष, शिक्षा, सामाजिक मूल्य-मान्यता, व्यवसाय, सम्पत्तिमाथिको स्वामित्व आदिले प्रभाव पारेका हुन्छन् । तिनै सम्बन्धित पक्षहरूको विश्लेषण गर्दै, त्यस्ता क्रियाकलापमा उनीहरूको सक्रियता कस्तो रहेको छ भन्ने कुरा तथ्याङ्कको आधारमा विश्लेषण गर्दै ती पक्षमा रहेको सक्रियताले घरभित्र वा सामाजिक क्रियाकलापमा उनीहरूको निर्णायक शक्ति तथा निर्णय प्रकृयामा रहेको भूमिकालाई प्रष्ट्याउन खोजिएको छ । किनभने फरक-फरक विषयवस्तु र पक्षले प्रत्यक्ष रूपमा अन्तत महिलाको निर्णायक भूमिकालाई प्रभाव पारेका हुन्छन् ।

घरायसी निर्णय प्रकृयाका विभिन्न पक्षमा महिलाको भूमिकालाई विश्लेषण गर्न निम्न प्रमुख पक्षसँग सम्बन्धित विभिन्न विषयहरूमा केन्द्रित रही तथ्याङ्कलाई तलका तालिकामा प्रस्तुत गर्दै विश्लेषण गरिएको छ ।

कृषि पेशामा उनीहरूको भुमिका, विक्रि, वितरण, लगानी प्रकृयामा संलग्नता, पेशा आदिको बारेमा महिलाको अवस्था तथा भूमिकालाई प्रस्तुत गरिएको छ । दोस्रो शिक्षा, आम्दानी, खर्चमा महिलाहरूको अवस्था तथा पहुँचको विश्लेषण र निर्णय प्रकृयामा पारेका प्रभाव प्रस्तुत गरिएको छ । बच्चा जन्माउने, पारिवारिक बनोट, परिवार नियोजनको साधन प्रयोग, बच्चाको शिक्षा, सामाजिक समूहमा संलग्नता जस्ता पक्षमा उनीहरूको कतिको निर्णय गर्न सक्छन् भन्ने कुरा पहुँचको आधारमा विश्लेषण गरिएको छ ।

## ५.१ कृषि उत्पादन बेच्ने/किन्ने तथा अन्य उत्पादनमा महिलाको संलग्नता

नमुनाको रूपमा छानिएका महिलाहरू प्राय कृषि भन्दा नोकरी पेशामा बढी संलग्न छन् । जसको कारण पनि महिलाहरूको अन्य वस्तु किन मेल भन्दा कृषि उत्पादनमा कम खर्च हुन्छ । यसमा उनीहरूको निर्णय कति चल्छ भन्ने कुरा प्रस्तुत तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका नं. ११ बेच्ने/किन्ने काममा महिलाको संलग्नता**

| विवरण | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | १० | २९.४१ |
| महिला | १३ | ३८.२४ |
| दुबै | ११ | ३२.३५ |
| जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

तालिका नं. ११ अनुसार कृषि उत्पादन बेच्ने/किन्ने काममा सबभन्दा बढी सक्रिय १३ घरधुरीमा अर्थात् ३८.२४ घरधुरीमा महिलाको देखिन्छ । किनभने यी घरधुरीका अधिकांश पुरुषहरू नोकरीमा जिल्ला भित्र वा बाहिर संलग्न छन् । जसको कारण महिलाले बढी काम पनि गर्ने तथा आवश्यकता अनुसार किन/बेच पनि आफ्नै निर्णयमा गर्दछन् । यस तथ्याङ्क अनुसार महिला बढी आर्थिक गतिविधिमा संलग्न छन् भन्ने स्थिति छैन तर पहिला भन्दा सक्रियता बढ्दो छ । त्यस्तै पुरुषको संलग्नता (२९.४१)% छ भने दुवैको संलग्नता (३२.३५)% घरधुरीमा देखिन्छ ।

**तालिका नं. १२ उत्पादन गर्ने अन्न रोजाईमा महिलाको निर्णय**

| निर्णयकर्ता | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ५ | १४.७० |
| महिला | १९ | ५५.८९ |
| दुबै | १० | २९.४१ |
| जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

कुनै ठाउँमा समय अनुसार कुन बाली लगाउने भन्ने कुराको निर्णयामा माथिको तालिका नं. १२ अनुसार सबभन्दा बढी १९ घरधुरी अर्थात् ५५.८८ मा महिलाको सक्रियता महिलाहरूको नोकरीसँगै कृषिमा पनि बढी संलग्नता देखिन्छ । दुबैको सहभागिता १० घरधुरी (२९.४१)% देखिन्छ । जसमा महिला र पुरुष दुवैले आफ्नो घरको खर्च तार्न कृषिमा पनि त्यत्तिकै रुचि राखेको देखिन्छ । यसमा पुरुष जम्मा ५ (१४.७०) घरधुरी रहेको पाइन्छ । पुरुषहरू नोकरी पेशामा मन लागेका हुन्छन् जसको कारण कृषिमा त्यति समय दिन नपाइरहेकोले पुरुषहरूको निर्णय कम रहेको पाइयो ।

## ५.२ घरायसी खर्चमा महिलाको भूमिका

महिलाहरूको साक्षर र आर्थिक रूपमा केही मात्रा भएपनि सक्षम गएकाले होलान् यहाँका महिलाहरूले घर खर्चमा उनीहरको भूमिका यस्तो रहेको पाइयो ।

**तालिका नं. १३ घरायसी खर्चमा महिलाको भुमिका**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ५ | १४.७० |
| महिला | ९ | २६.४७ |
| दुवै | १८ | ५२.९५ |
| अन्य | २ | ५.८८ |
| जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।


तालिमा नं. १३ बाट स्पष्ट हुन्छ कि सामान्य घरायसी खर्च कति गर्ने भन्ने विषयमा दुवै जनाको निर्णयमा घरखर्च चलाएको देखिन्छ जसमा ५२.९५ छ । त्यसपछि अलि बढी हावी महिला छ अर्थात् २६.४७ र तेस्रो स्थानमा पुरुष सहभागिता १४.७० देखिन्छ । अन्यमा अत्यन्तै कम अन्यको ५.८८ सहभागिता छ । यो तथ्याङ्कको विश्लेषणबाट के प्रष्ट हुन्छ भने घरायसी खर्च भनेको दैनिक उपभोगमा हुने खर्च हो साथै यस्ता क्रियाकलापमा महिलाको श्रम बढी खर्च हुने हुँदा पुरुषले महिलालाई निर्णय गर्न सहभागी गराएको देखिन्छ । सायद उनीहरूको आफ्नो प्रत्यक्ष आम्दानीको स्रोत भएकोले पनि होला कमाएर ल्याउने दुवै

भएपछि पुरुषहरूले सबै भार आफै नबाकि महिलाहरूलाई संलग्न गराउने भएको कारण दुवैको निर्णय हावी देखिन्छ ।

## ५.३ जमीन माथिको स्वामित्वको अवस्था

अहिले आएर नेपाली समाजमा पैत्रिक सम्पत्तिमाथि महिलाको अधिकार स्वामित्व छ । सोहि अनुसार यस क्षेत्रका महिलाहरूको आफ्नो नाममा पैत्रिक सम्पत्ति रहेको पाइन्छ । साथै जसको श्रीमान्को मृत्यु भैसकेको छ त्यस्ता परिवारमा पनि श्रीमतीको नाममा पैत्रिक सम्पत्ति रहेको पाइयो । पैत्रिक सम्पत्ति बाहेक अन्य व्यक्तिगत कमाइबाट किनेको सम्पत्ति पनि छ वा छैन भनेर जान्न तथ्याङ्क संकलन गरिएको थियो । जुन चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. २**




स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

माथि प्रस्तुत चित्र नं. २ मा ५९.७१% महिलाको आफ्नो नाममा रहेको पाइयो । साथै ४०.२९%महिलाको चाँहि आफ्नो नाममा कुनै पनि जमिन रहेको छैन । यस तथ्याङ्कबाट थाहा पाउन सकिन्छ कि यस न.पा. का अधिकांश महिलाहरू जमीन माथिको स्वामित्व पाएका छन् । यसले पनि उनीहरू परिवारभित्र आफ्नो विचार निर्धक्क भन्न सकेको पाइयो । नेपाल सरकारले महिलाको नाममा जग्गा जमिन किन्यो भने केही प्रतिशतले मात्र सरकारी कर तिरे पुग्ने भएकोले पनि महिलाहरूको स्वमित्वमा जग्गा जमिन भएको पाइयो ।

साथै आफ्नो आम्दानी र आर्थिक रूपमा महिलाहरू सक्षम भएकोले आफ्नो परिवार भित्र आफ्न

ो निर्णय निर्धक्क रूपमा राख्न पाएको देखियो ।

**तालिका नं. १४ : जमिन किन्ने काममा उत्साहित गर्ने निर्णयकर्ता**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| आफै | ११ | ५५ |
| श्रीमान् | ७ | ३५ |
| अन्य | २ | १० |
| जम्मा | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

माथिको तालिका नं. १४ अनुसार जम्मा ३४ जना उत्तरदाताको २० जनाको मात्र आफ्नो नाममा जमीन रहेको पाइयो । जुन २० जना मध्ये ११ जना अर्थात् ५५% महिलाले चााहि आफ्नै इच्छाबाट आफ्नो नाममा जमीन किनेको देखिन्छ । त्यसको हाराहारीमा ७ जना अर्थात् ३५% महिलाको पुरुषको निर्णयबाट महिलाको नाममा जमीन रहेको पाइन्छ । २ जनाको १०% ले चाँहि अरुको सहायता र सल्लाहबाट जमीन किनेको पाइयो । उनीहरू आफ्नो स्वामित्वमा सम्पत्ति राख्न सफल हुन्छन् । उनीहरूको निर्णयको कदर हुन्छ । जति जनाको छ उनीहरूको आफ्नै कमाई भएको कारणले मात्र सम्भव देखिएको छ । साथै उनीहरूको परिवारभित्र स्थान, भूमिका पनि बलियो देखिएको पाइयो । यस नतिजाले पनि के देखाउाछ भने यदि महिलालाई आत्मनिर्भर बन्ने हो भने जुनसुकै रूपमा भए पनि सम्पत्ति आफ्नो नाममा पार्न सकिन्छ । जसको लागि महिलाहरू प्रत्यक्ष आम्दानीका क्षेत्रमा संलग्न हुन्छन् । अनि उनीहरू स्वनिर्णयमा आर्थिक रूपमा सबल रहन सफल बन्छन् ।

## ५.४ जन्माउने सन्तानको संख्याको निर्णयकर्ता

अधिकांश नेपाली समाज परम्परागत मूल्य मान्यता अनुसार चलेको पाइन्छ । जुन कुराको प्रभाव परिवारभित्र पारिवारिक संख्या तथा छोराछोरी कति जन्माउने भन्ने कुरामा

पनि परेको पाइन्छ । पुरुष प्रधान समाज भएको कारण यस्ता विषयमा महिलाले गर्ने निर्णय तथा उनीहरूको विचारको कदर हुन्छ भन्ने कुरा थाहा पाउन तथ्याङ्क संकलन गरिएको थियो । जुन प्रस्तुत तालिकामा देखाइएको छ ।


**तालिका नं. १५ : पारिवारिक सङ्ख्या माथिको निर्णय अधिकार**

| निर्णयकर्ता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आफै | ६ | १७.६४ |
| श्रीमान | १० | २९.४१ |
| दुवै | १८ | ५२.९५ |
| जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. १५ अनुसार पारिवारिक संख्या निर्धारणमा सबभन्दा धेरै महिला, पुरुष दुवैको १८ जना (५२.९५)% को रहेको पाइयो भने त्यस्तै १० जना (२९.४१)% श्रीमान्को निर्णय र ६ जना (१७.६४)% को चाँहि आफ्नै निर्णय गर्ने अधिकार भएको पाइयो । अहिलेको समयमा शहरी क्षेत्रमा आफूहरू बाच्न त गाह्रो हुने बेला धेरै सन्तान जन्माएर कसरी पाल्ने, पहिलो पो खाना मात्र दिए पुग्छ अहिले शिक्षा नभई हुन्न यति धेरै महँगो बढेको बेला दुई सन्तान ईश्वरको बरदान हो भन्ने सोचको धेरै विकास भएको पाइयो । साथै आजकाल छोरा तँ दागबत्ती दिन मात्र हो अरु बेला त छोरीले नै सबै हेरचाह गर्छ त्यसैले छोरा र छोरी दुवै बराबर हो भने उनीहरू आफ्नो नयाँ सोचको विकास गरेको पाइयो ।

**चित्र नं.३**




स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

चित्र नं. ३ अनुसार जम्मा ३४ घरधुरी मध्ये २५ घरधुरीका परिवारले स्थाई परिवार नियोजन गरेको पाइयो । जसमध्ये महिला तथा पुरुषको सहभागिता कति कति छ भनेर संख्या पत्ता लगाइएको थियो । जुन चित्र नं. ३ मा प्रस्तुत गरिएको छ । जस अनुसार २५ घरधुरीमध्ये सबभन्दा धेरै ६४% मा पुरुष आफैले स्थाई परिवार नियोजन गरेको पाइयो । ३६% मा चाँहि महिला आफैले गरेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने महिलाहरूले बढी श्रम खर्चिने काम गर्नुपर्ने हुँदा पुरुषहरूले स्थाई परिवार नियोजन गरेका हुन् । जतिले गरेका छन् त्यसमा पुरुषले आफ्नै स्वनिर्णयमा गरेको पाइयो । यस अर्थमा पुरुषहरूले महिलाको स्वास्थ्यको ख्याल राखेको पाइयो ।

**तालिका नं. १६ : छोराछोरीको शिक्षा**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ४ | ११.७६ |
| पुरुष | ७ | २०.५९ |
| दुवै | २३ | ६७.६५ |
| जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

शिक्षा आजको वर्तमान अवस्थामा अपरिहार्य गहना हो । सफलताको लागि तथा समाज परिवर्तनको लागि प्रत्येक घरपरिवारका बालबालिकाले शिक्षा पाउनु अति आवश्यक छ । सोही अनुसार अध्ययन क्षेत्रका उत्तरदाता महिलाहरू कतिको बच्चाबच्चीलाई स्कूल पठाउन जागरुक छन् साथै उनीहरूको भूमिका कस्तो रहेको छ भन्ने बारेमा जान्ने प्रयास गरिएको थियो । जसबाट प्राप्त तथ्याङ्क अनुसार जो तालिका नं. १७ मा प्रस्तुत गरिएको छ । सबभन्दा धेरै २३ अर्थात् ६७.६५% घरधुरीमा चाँहि महिला, पुरुष दुवैको सहमति तथा निर्णयबाट छोराछोरीलाई जस्तो दुःख नपाउन भन्ने धारणा उत्तरदाताले प्रस्तुत गरेका थिए । २०.५९% घरधुरीमा पुरुषको निर्णय पाइयो । त्यसै क्रमशः ४ घरमा महिला निर्णय रहेको पाइयो । तर समग्रमा चाँहि महिला तथा पुरुष दुवै वर्तमान अवस्थामा शिक्षाप्रति सचेत रहेको पाइयो । महिलाहरूले विस्तारै शिक्षाको महत्व बुझ्दै गएको पाइन्छ । जसको कारण पनि छोराछोरीको शिक्षाको लागि ज्यामी, कृषि, नोकरीमा संलग्न भएको पाइयो ।

## ५.५ साक्षरता कक्षामा महिला सहभागिता तथा निर्णायक भूमिका

स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार ३४ उत्तरदातामध्ये ७ (२०.५८)% ले महिलाहरू साक्षरता कक्षामा संलग्न छैनन् र १९ जना (५५.८८)% महिला साक्षरता कक्षामा संलग्न छन् । जस्तो प्रौढ, चेलीबेटी शिक्षा आदिमा संलग्न भए आफ्नो नाम सम्म लेख्न जान्ने देखियो । ८ जना (२३.५२)% महिलाहरूले औपचारिक शिक्षा हासिल गरेको पाइयो । बढीले औपचारिक शिक्षा लिन नपाए पनि अहिले आएर चाँहि उनीहरू ढिलै भए पनि सामान्य लेखपढ गर्न जान्ने उद्देश्यले साक्षरता कक्षा लिएको बताउँछन् । तर पनि केही यस्ता कक्षाबाट बञ्चित हुनुले उनीहरू परिवारभित्र समाजमा अझै खुलेर आफ्नो विचार प्रस्तुत गर्न नसकेको अवस्था दखिन्छ । साथै त्यस्ता कक्षामा संलग्न हुनुको पछाडि धेरै कर्ताको निर्णय संलग्न देखिन्छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १७ साक्षरता कक्षामा सहभागी गराउने निर्णयकर्ता**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| आफै | ८ | ४२.१० |
| श्रीमान् | ३ | १५.७८ |
| दुवै | ३ | १५.७८ |

| | | |
|---|---|---|
| अन्य | ५ | २६.३४ |
| जम्मा | १९ | १०० |


स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

माथिको तालिका अनुसार १९ जना उत्तरदाताहरू जसले साक्षरतामा कक्षा लिएका छन् । तिनीहरूमध्ये ८ जना (४२.१०)% महिलाले स्वनिर्णयमा साक्षरता कक्षामा संलग्न भएको बताए । ५ जना अर्थात् (२६.३४)% महिलाले अन्य साथीभाई अरुको सल्लाहमा सहभागी भएको बताए भने श्रीमान्को निर्णयमा ३ जनाले र ३ जना (१५.७८)% चाँहि दुवैको निर्णयले साक्षरता कक्षा लिएका बताए । तथ्याङकको आधारमा भन्न सकिनछ कि अध्ययन क्षेत्रका महिलाहरू शिक्षाको अभाव महशुस छ, जसको कारण पनि उनीहरू आफै यो कदम उठाउन अग्रसर छन् । साथै अरुको सल्लाह लिएर भए पनि अगाडि बढेका छन् ।

## ५.६ सामुदायिक समूहमा सहभागिता तथा विचार अभिव्यक्तिको अवस्था

वर्तमान समयमा प्रायजसो महिलाहरूले विभिन्ननाममा समूह गठन गर्दै केही मात्रामा रकम जम्मा गरेर त्यसको परिचालनबाट आर्थिक गतिविधि बढाएको पाइन्छ । जुन पक्षले महिलाहरूको आत्मबल बढाउन ठूलो मद्दत गरेको पाइन्छ । २०६२/२०६३ सालमा भएको राजनैतिक परिवर्तन पछि त सरकारी तहबाट नै सार्वजनिक क्षेत्रमा महिलाको कम्तीमा ३३ प्रतिशत उपस्थिति गराउनु पर्ने नीति अगाडि सारिएको छ । जसबाट महिलाको सामूहिक सहभागिता वृद्धि भएको छ । सोही अनुरूप कि.न.पा. का महिलाहरू पनि यस्ता समूहमा आवद्ध रहेको पाइयो । उनीहरूको विभिन्न समूहमा रहेको उपस्थितिलाई तथ्याङ्कको रूपमा निम्न प्रस्तुत गरिएको छ ।

**चित्र नं. ४ सामुदायिक समूहमा सहभागिताको अवस्था**




स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

माथिको चित्र नं. ४ का अनुसार ३४ उत्तरदाताहरू तिन वटा समूहमा आवद्ध छन् । जसमध्ये १९ जना अर्थात् ५५.८८% महिलाहरू चाँहि आमा समूहमा आवद्ध रहेको पाइयो । ३२.३५% ११ जना चाँहि अन्यमा र ४ जना ११.७७% सामुदायिक उपभोक्ता जस्तै : खानेपानी उपभोक्ता, सरसफाई समूहमा छन् । उनीहरू अरु पेशामा आवद्ध भईकन पनि समय निकालेर भएपनि निजी सक्रियता बढाइ रहेका छन् । समूहमा जम्मा गरेको रकमबाट कम प्रतिशतमा आवश्यक परेको बेला व्याज तिरेर समस्या समाधान गरेको पाइयो । प्रायजसो महिलाहरू यसरी विभिन्न समूहमा आवद्ध हुनुले सहकारी संस्था, आमा समूह जो नेपाल भरिनै खुलेका छन् । जसको कारण महिलाहरू सामान्य रूपमा भए पनि आर्थिक कियाकलापमा संलग्न छन् र उनीहरू विचमा बेलाबेलामा हुने छलफलमा बोल्ने बानीको विकास भएको देखिन्छ ।

**तालिका नं. १८ : विचार अभिव्यक्तिको अवस्था**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| गर्छु | २६ | ७६.४७ |
| गर्दिन् | ८ | २३.५३ |
| जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

प्रस्तुत तालिका नं. १८ अनुसार अधिकांश उत्तरदाता महिलाहरू विभिन्न समूहमा आबद्ध भएको देखिन्छ । तर ३४ उत्तरदाता महिलाहरू मध्ये केही कम अर्थात् २३.५३ महिलाहरू समूहको बैठक, छलफल जस्ता कार्यक्रममा उपस्थिति मात्र जनाएको पाइयो । त्यहाँ गएर आफ्ना विचार राख्ने,छलफलमा सक्रिय नभएको देखिन्छ । ७६.४७% चाँहि सक्रिय पनि भएको तथा आफ्ना विचार मासमा राख्ने, मन नपरेको कुरामा भन्ने गरेको पाइयो । औपचारिक शिक्षा नलिएता पनि समूहमा आवद्ध भई आफ्ना क्रियाकलाप बढाउनाले उनीहरूमा चेतनाको विकास भएको पाइयो । जुन पहिलाको तुलनामा सकारात्मक छ । यसरी उनीहरू धेरै लेखपढ गर्न नजानेता पन विस्तारै घर बाहिर निस्किएर बोल्नुको पछाडिको कारण चाँहि एक त उनीहरूले अनौपचारिक शिक्षा थोरै भए पनि लिएका छन्, अर्को विभिन्न समूहका कारण पनि विस्तारै खुल्न थालेको पाइयो । त्यसकारण शिक्षा तथा सामूहिक गतिविधिले महिलाहरूलाई सशक्तिकरण तर्फ उन्मुख गर्दछ भन्ने कुरा प्रष्ट हुन्छ ।

## ५.७ तालिममा महिला सहभागिता तथा निर्णायक भूमिका

आजभोलि सबैतिर लैङ्गिक विकासलाई महत्वका साथ हेरिन्छ । सोही धारणा अनुसार महिलामा चेतना विकास गर्न उनीहरूको आत्मविश्वास बढाउन, क्षमताको विकास गरी केही आम्दानी गर्न सकून भनेर स्थानिक स्तरमा संचालित सरकारी तथा गैरसरकारी संस्थाले समय समयमा महिला भेला गर्ने, उनीहरूको समस्या बुझ्ने, स्वास्थ्य शिक्षा सम्बन्धी गोष्ठी तथा तालिम संचालन गर्ने, उपयुक्त तालिम दिने प्रयास गरेको पाइन्छ । जुन प्रयास स्थलगत सर्वेक्षण अनुसार अध्ययन क्षेत्रमा पनि संचालन भएको देखियो । तद्अनुसार उत्तरदाता महिलाहरू पनि विभिन्न तालिममा विभिन्न पक्ष तथा सदस्यको सहायतबाट संलग्न देखियो । जसको संख्यात्मक विवरण तथा विश्लेषण तलको तालिकाबाट प्रष्ट हुनेछ ।

**तालिका नं. १९ : तालिममा महिला सहभागिता तथा निर्णायक भूमिका**


| सहभागिता | संख्या | प्रतिशत |
|---|---|---|
| छ | २७ | ७९.४१ |
| छैन | ७ | २०.५९ |

| | | |
|---|---|---|
| जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

माथिको तालिका नं. १९ अनुसार ३४ उत्तरदाता मध्ये धेरै जसो २७ अर्थात् ७९.४१% उत्तरदाताहरूले विभिन्न तालिमहरू लिएको पाइयो । २०.५९% महिला तालिम लिनबाट बञ्चित छन् । जम्मा उत्तरदातामध्ये धेरै जनाले विभिन्न तालिम लिनाले ती महिलाको हाउभाउ, बोल्ने तरिका देख्दा उनीहरूमा परिवर्तन देखियो । यस्ता महिलाहरूले स्थानिय स्तरमा संचालित समूहहरूलाई प्रतिनिधित्व गरेका छन् । यसबाट अनुमान लगाउन सकिन्छ कि तालिमले पनि महिलाहरूको सोच र व्यवहारमा परिवर्तन ल्याउन मद्दत गर्दछ । यसरी अधिकांश उत्तरदाताहरू तालिममा सहभागिता हुनुमा सरकारी स्तरबाट दिने तालिम, गैरसरकारी संस्थाहरूले बढी ग्रामीण मुखी कार्यक्रम गर्ने भएको कारण पनि हो ।

**चित्र नं. ५ : तालिका लिन उत्साहित गर्ने निर्णयकर्ता**




स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

माथिको चित्र नं. ५ अनुसार तालिम लिएका २७ जना मध्ये आफ्नै निर्णयबाट, आफै महसुस गरी तालिम सहभागी महिलाको संख्या सबभन्दा बढी लगभग आधा ११ जना अर्थात् ४०.७५ प्रतिशत छन् । त्यसमध्ये श्रीमान् तथा अरुको निर्णय मानेर संलग्न हुने महिलाहरू क्रमश: २५.९२% र १४.८१% पाइयो । अत्यन्तै कम २ जना (७.४०%) चाँहि ससुराको आदेशमा गएको पाइयो र ३ जना (११.१२%) चाँहि सासुको सल्लाहमा गएको पाइयो अन्त्यमा माथिको तथ्याङ्कको अवस्थालाई हेर्दा श्रीमान् वा परिवारले जानकारी दिएर आफै थाहा पाएर वा साथीभाईको माध्यमबाट भएपनि विभिन्न तालिममा संलग्न हुनुले त्यहाँका महिला विस्तारै घर, कृषिमा मात्र सिमित नरहि अरु क्रियाकलापमा पनि सहभागीता जनाउने प्रयास गरेको पाइयो । यस्ता तालिमले पनि परिवारभित्र उनीहरूको स्थान, भूमिकामा प्रभाव पर्दछ । बजार क्षेत्र तथा गैरसरकारी संस्थाहरूको बाहुल्यता भएका कारण पनि महिलाहरू वर्तमानमा केही सिक्नुपर्दछ भन्ने सोचका साथ विभिन्न तालिममा आफ्नै स्वनिर्णयमा संलग्न छन् ।

## ५.८ महिला पुरुषको सम्बन्ध : स्वतन्त्रतापूर्वक घरायसी समस्या समाधान तथा सामाजिक प्रथामा

समाज दिन प्रतिदिन परिवर्तन हँदै आइरहेको छ । समयको परिवर्तनसँगै समाजका हरेका इकाई तथा व्यक्ति विच हुने सम्बन्ध तथा विभिन्न सामाजिक प्रथामा महिलालाई गरिने व्यवहारमा पनि परिवर्तन आएको छ । समाजमा महिला र पुरुषको विचको सम्बन्ध आजभन्दा बितेका समयमा कठोरपना थियो । आज आएर सो सम्बन्ध धेरै खुकुलो भएको छ । यस समाजमा पितृसतात्मक निर्णय हावी भएता पनि समयको परिवर्तनसँगै महिला पुरुषको सम्बन्धमा परिवर्तन आएको छ । शुरुका समय महिलाहरू शिक्षा, नोकरीबाट वञ्चित रहेता पनि अहिले आएर जिल्ला तथा अध्ययन गरिएको न.पा. को अवस्था हर्दा छोरीलाई पढाउनु पर्छ भन्ने सोचको धेरै विकास भएको पाइयो । विभिन्न संघ संस्थाहरूमा हेर्दा जति महिलाहरूले पढेका छन् । थोरै भएपनि महिलाहरूले जागिर खानु हुन्न, गाउँ गाउँमा डुल्नु हुन्न भनेर परिवारका पुरुष सदस्यले रोकेको अवस्था छैन । पढेका महिलाहरू कोही पनि खाली बसेको अवस्था देखिएन । समाज परिवर्तन भएको अनुसार छोराछोरी वा भनौं महिला पुरुष हुँदै बराबर छन् । दुबैले सम्मान अवसर पाए भने अगाडि बढ्न सक्छन् भने मान्यताका अनुसार हाम्रो जस्तो पुरुष प्रधान देशमा पनि महिलालाई शिक्षा दिक्षा दिई सक्षम बनाएको पाइयो र त्यस्तै महिलाले पनि परिवारमा आफ्नो आवाज राख्ने अवसर प्राप्त गरेका छन् ।

स्थलगत सर्वेक्षणकै क्रममा उत्तरदाताहरूलाई तपाईहरू आफ्नो परिवारभित्र स्वतन्त्र भएर घरायसी समस्या समाधान गर्न सक्नु हुन्छ कि सक्नु हुँदैन भनेर सोध्दा ३४ उत्तरदातामध्ये ६४.७०% ले सक्छु तथा ३५.३०% उत्तरदाताले सक्दिन भन्ने जवाफ दिनुभएको थियो । यसले के पनि महसुस गर्न सकिन्छ भने त्यहाँका महिलाहरूमा आफू नपढेको, कमजोर महसुस छ । जतिले सक्छु भनेर जवाफ दिए । उनीहरूको अवस्था हेर्दाखेरी केही नोकरीमा संलग्न, कोहीले साक्षरता कक्षा लिएका त कोही समूहहरूमा बढी सक्रिय भएको पाइयो । शिक्षा, आम्दानीले कति धेरै महिलाको निर्णायक भूमिकामा प्रभाव पार्दछ भनेर सहजै अनुमान गर्न सकिन्छ । सोही स्थलगत सर्वेक्षणकै क्रममा उत्तरदाता महिलाहरू जसले सक्दिन भन्ने जवाफ दिनुभएको थियो, किन सक्नुहुन्न भनेर आफ्ना धारणालाई भन्न आग्रह गरिएको थियो । उनीहरूको धारणा बुझ्दा सबैले आफू अशिक्षित

भएको, आफ्नो आम्दानीछैन, श्रीमान्को कमाइले घर खर्च चल्छ, उनीहरू जान्ने, बुझ्ने छैनन्, हामीले बोले पछि आइमाईले लोग्नेमान्छे बोलेको ठाउँमा बोल्नु हुन्न भनेर भन्ने, आफै पनि बाठा-टाठा छैनौ त्यसकारण पनि भनेको मान्नै पर्छ भन्ने खालको धारणा पाइयो । हामी आँखा नभएका मान्छे भनेर शिक्षाबाट वञ्चित हुनुले पनि आफूहरू घरायसी समस्या समाधान गर्दा पुरुषमथि निर्भर रहेको बताए ।

त्यस्तै सामाजिक प्रथा, दाइजो तथा विवाहका विषयमा औपचारिक तथा अनौपचारिक कुराकानी गर्दा, स्थलगत रूपमा उनीहरूको पारिवारिक परिवेशको अवलोकन गदोखेरी त्यति धेरै दाइजो प्रथा प्रचलनमा रहेको पाइएन । दिँदै नदिने भन्ने चाँहि होइन तर जुन किसिमले माग हुने, छोरी विवाहको निम्ति आमा बुवालाई खर्च जुटाउनको निम्ति चिन्ता मान्नु पर्ने अवस्था देखिएन किनभने यस ठाउँमा मागी विवाह भन्दा अहिले आएर बढी प्रेम विवाह गर्ने गरेको पाइयो । पछि माइती मनाउँदा पनि बढी खर्च लगाएर समाजमा देखाउन माइती मान्नुपर्ने चलन छैन । आफ्नो इच्छा अनुसार चाँडो ढिलो जहिले दिए पनि नदिएपनि हुने खालको प्रथा छ । अहिले आएर विवाह गरेता पनि बुहारीलाई पढाएर जागिर खुवाउनुपर्छ भन्ने सोचको विकास बढ्दो छ । यसले गर्दा यहाँका महिलाहरूले दाइजोबाट हुने हिंसालाई खेप्नु नपरेको यथार्थ प्रष्ट हुन्छ । त्यस्तै दाइजो दिने कुरामा पनि स्थलगत सर्वेक्षण अनुसार जम्मा ३४ उत्तरदातामध्ये महिला, पुरुष दुबैको सहनिर्णयबाट दिने गरेको पाइयो । यसले के प्रष्ट गर्दछ भने कसैको मनोमानी भन्दा पनि समझदारीमा बिना करकाप दुवैको संलग्नतामा दाइजो दिइन्छ ,

## ५.९ घरायसी निर्णयमा प्रभाव पार्ने तत्वहरू

महिलाहरू समाजमा, परिवारभित्र दोस्रो दर्जामा रहनु, उनीहरूको भूमिकालाई स्थान नदिनु, सँधै पुरुषको सहयोगीको रूपमा रहनुमा एउटै पक्ष मात्र कारक नभई विभिन्न पक्षले प्रभाव पारेको पाइन्छ । जुन कुरा यसै अध्ययनबाट प्राप्त तथ्याङ्कको विश्लेषणबाट पनि अनुमान गर्न सकिन्छ । तथापि किन आफू पछि परेको जस्तो लाग्छ । उनीहरू किन घरभित्र पक्षहरूलाई राखेर प्रश्न गरएको थियो । जसबाट प्राप्त तथ्याङ्कलाई प्रस्तुत तालिकामा देखाइएको छ ।

**तालिका नं. २० निर्णयमा प्रभाव पार्ने तत्वहरू**

| प्रभाव पार्ने तत्वहरू | संख्या | प्रतिशत |
|---|---|---|
| शिक्षाको कमी | ८ | २३.५३ |
| चेतनाको कमी | ६ | १७.६४ |
| आयस्तरमा कमी | ८ | २३.५३ |
| परम्परागत मूल्यमान्यता | १२ | ३५.३० |
| जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

माथिको तालिका नं. २० अनुसार तथ्याङ्कलाई हेर्दा ३४ उत्तरदातामध्ये १२ जना अर्थात् ३५.३०% महिलाहरूले परम्परागत मूल्यमान्यताका कारण आफूहरू कमजोर अरुमाथि निर्भर रहनुपरेको बताए । आफूमा निर्णय गर्ने क्षमता हुँदाहुँदै पनि आफ्नो परिवारभित्र र समाजभित्रको परम्परागत  सोच र मूल्यमान्यता जसको कारण महिलाले चाहेर पनि त्यस सोचको उलङ्घन गर्न सकिराखेको छैन । महिलाहरू आफूले निर्णय लिन सक्ने त्यतिको सक्षम भएता पनि समाजमा भएको मूल्यमान्यता कारण उनीहरू आफैले पछि परिरहेका छन् । त्यस्तै महिलाहरूमा शिक्षाको कमी र आफ्नो आय स्रोतको कमीको कारण आफ्नो निर्णय गर्ने क्षमतामा प्रभाव पारेको भन्नेमा ८, ८ घरधुरीका महिला २३.५३% र २३.५३% रहेको पाइयो । यदि आफू शिक्षित भएको भए आफूले कुनै पनि आय आर्जन हुने काम गरेर आफ्नो घर व्यवहार चलाउनेमा आफ्नो निर्णय राख्न सकिन्छ । पैसा छैन अनि जसको छ उसले भनेको मान्नै पर्‍यो नि भन्ने र आफ्नो कमजोरी बताए । त्यस्तै ६ जना १७.६४% चाँहि चेतनाको कमीले धेरे भन्ने पाइयो ।

## ५.१० महिला र पुरुषको दैनिक काम गर्ने समय

कृषि, घरपरिवारभित्र सबभन्दा बढी श्रम महिलाको खर्च हुन्छ । अधिकांश समय उनीहरूको प्रत्यक्ष आम्दानी नहुने क्षेत्रमा बिताउँछन् । जसको आर्थिक मूल्य हुँदैन, न त राष्ट्रिय उत्पादनमा गणना हुन्छ । स्त्री शक्तिले सन् १९९३ मा गरेको अध्ययन अनुसार महिलाहरूले १०:३३ घण्टा काम गर्ने गर्दछन् जबकि पुरुषले जम्मा ७:९७ घण्टा मात्रै काम गर्ने गर्दछन् । यसरी राष्ट्रिय स्तरको अध्ययनले पनि महिलाहरू बढी समय काम गर्ने

देखाउँछ । अध्ययन क्षेत्रका महिला, पुरुषको काम गर्ने समयलाई तथ्याङ्कीय स्वरूपमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २१ दैनिक काम गर्ने समय**

| समय विभाजन | पुरुष | | महिला | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २-४ (घण्टा) | ४ | १०.२५ | - | - |
| ५-७ (घण्टा) | २६ | ६६.६६ | ८ | २३.५२ |
| ८-१० (घण्टा) | ९ | २३.०७ | २० | ५८.८२ |
| ११ घण्टा भन्दा माथि | - | - | ६ | १७.६६ |
| जम्मा | ३९ | | ३४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२ ।

माथिको तालिका नं. २१ अनुसार ३९ जना पुरुषहरूमध्ये आधा भन्दा बढी ६६.६६% पुरुषहरूले दैनिक ५ देखि ७ घण्टा काम गर्दछन् । जसमध्ये अधिकांश नोकरीमा भएको देखियो । ९ जना अर्थात् २३.०७% ले ८ देखि १० घण्टा काम गर्दछन् । त्यो भन्दा बढी घण्टा काम गर्ने पुरुषको संख्या सून्य छ । यसबाट के प्रष्ट हुन्छ भने पुरुषले औषद दिनमा ५ देखि ७ घण्टा काम गर्दछन् । एकदमै कम १०.२५% ले २ देखि ४ घण्टा काम गरेको देखियो । त्यसको ठिक उल्टो महिलाको सन्दर्भमा देखिन्छ । ३४ उत्तरदातामध्ये अधिकांश महिलाहरूले दिनमा ८-१० घण्टा काम गरेको देखिन्छ । जुन कुल संख्याको ५८.८२% छ । ११ घण्टा भन्दा माथि काम गर्ने महिलाको संख्या ६ अर्थात् १७.६६% रहेको छ । ५-७ घण्टा काम गर्ने ८ घरधुरी महिला अर्थात् (२३.५२)% रहेको पाइयो । २ देखि ४ घण्टा काम गर्ने महिलाको संख्या शून्य छ ।

यसरी हेर्दा तुलनात्मक रूपमा पुरुष भन्दा महिलाहरू बढी काम गरेको पाइयो । तर वास्तविक व्यवहारमा चाँहि पुरुषहरूले नोकरी तथा महिलाहरूले नोकरी तथा घरायसी काममा समय बिताउने भएको कारण बढी महत्व पुरुषको रहेको पाइयो । धेरै पुरुषहरूले ५-७ घण्टा काम गर्नु यो उनीहरू बढी जसो नोकरीमा मात्र सिमित छन् । कृषिमा कम समय दिन्छन् । तर महिलाहरू ८-१० घण्टा कम गर्नुले उनीहरू बिहान बेलुका घरमा, त्यसपछि खेतीपाती तथा नोकरी छ भने दिनमा नोकरीलाई पनि सँगै अगाडि बढाउनाले पनि धेरै समय काम गर्दछन् । यसले के प्रष्ट पार्दछ भने यस क्षेत्रमा महिलामा कामको बोझ धेरै छ ।

# अध्याय - छ
# सारांश तथा निष्कर्ष

## ६.१ साराशं

यो शोध अध्ययनले स्थलगत सर्वेक्षणको माध्यमबाट काठमाण्डौं जिल्लाको किर्तिपुर न.पा. अन्तर्गतका ३ वडामा २०७२ फागुन महिनामा गरिएको थियो । सबै उत्तरदाताहरू यस ठाउँमा वासिन्दा हुन् । २५ देखि ६० वर्ष भित्रका महिलाहरूलाई लिएर यो शोध अध्ययन गरिएको थियो । त्यहाँका स्थानिय महिलाहरूको घरायसी निर्णय प्रकृयामा रहेको भूमिकाको बारेमा जानकारी लिने उद्देश्यले उनीहरूसँग सम्बन्धित विविध आर्थिक, सामाजिक, पारिवारिक, शैक्षिक अवस्था माथि केन्द्रित रहेर तथ्याङ्कको विश्लेषण गरिएको छ । अध्ययनको मूख्य विषयमा प्रवेश गर्नु अघि अध्ययन क्षेत्रका जम्मा घरधुरीहरूको सामाजिक-आर्थिक तथा जनसंख्यासँग सम्बन्धी विशेषताहरूलाई समेटिएको छ ।

यस अध्ययनको विशिष्ट उद्देश्य चाँहि अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक-आर्थिक पृष्ठभूमिको बारेमा जानकारी लिँदै जसको विश्लेषबाट महिलाहरूको घरायसी क्रियाकलापमा निर्णय गर्ने भूमिकालाई प्रभाव पार्ने अन्य तत्वहरूको पहिचान गर्नु रहेको छ । महिला संलग्न हुने विभिन्न क्रियाकलापको विश्लेषण तथा अवस्थाको जानकारीबाट उनीहरूको निर्णायक भूमिका बारेमा जान्ने प्रयास गरिएको छ । जुन उद्देश्यपूरा गर्नका निम्ति अध्ययन क्षेत्रका रूपमा काठमाण्डौं जिल्लाको किर्तिपुर न.पा. भित्रको नयाँबजार, संगमबस्ती, तःनानीलाई लिइएको थियो । सो ठाउँका ३ वडामा रहेका जम्मा २५०२ घरधुरीमध्ये Systematic Random Sampling Method प्रयोग गरी ३४ घरधुरीबाट मात्र तथ्याङ्क संकलन गरिएको छ ।

यो अध्ययन अन्वेषणात्मक अनुसन्धान ढाँचामा आधारित भएर गरिएको छ । तथ्याङ्कको स्रोतको रूपमा प्राथमिक तथा द्वितिय स्रोतलाई प्रयोग गरिएको छ । अवलोकन, अन्तर्वार्ता, विशिष्ट जानकार व्यक्तिहरूसँग छलफल, संरचित तथा असंरचित प्रश्नावली जस्ता विधिहरूबाट परिणात्मक तथा गुणात्मक तथ्यहरू संकलन गरिएको छ । अध्ययनका लागि चाहिने तथ्याङ्कहरू प्राथमिक श्रोत अन्तर्गत घरधुरी सर्वेक्षण, स्थलगत अवलोकन मुख्य सूचनादाताको अन्तर्वार्ता जस्ता माध्यमहरू प्रयोग गरिएका छन् । त्यस्तैगरी द्वितीय

श्रोत अन्तर्गत महिलाका विभिन्न पक्षका सम्बन्धमा लेखिएका लेख, पुस्तक, तथ्याङ्क विभाग प्रकाशित तथा अप्रकाशित लेख, साहित्यिक पत्रिका, प्रतिवेदन विभिन्न संस्थाहरूको प्रतिवेदन आदिबाट पनि आवश्यक सूचनाहरू संकलन गरिएका छन् । यसरी संकलन गरिएका तथ्याङ्कलाई तालिका र चार्ट बनाई प्रस्तुत गरी आवश्यकता अनुसार व्याख्या एवंम् विश्लेषण गरिएको छ ।

शोध अध्ययनका क्रममा किर्तिपुर न.पा. वडा नं. ३ को जम्मा २५०२ घरधुरीमध्ये ३४ नमूना छनौटमा परेका छन् । ३४ घरधुरीमा स्थलगत सर्वेक्षण अनुसार जम्मा १८५ जनसंख्या रहेका छन् । यी मध्ये पुरुष ५२.९७% र महिला ४७.०३% महिला रहेका छन् । जसमा ० देखि ५ वर्ष सम्म ४.३२%, १६ देखि २५ सम्म २४.३२%, ४६ वर्ष भन्दा माथि ८.६४% रहेका छन् । शिक्षाको स्तर अनुसार जनसंख्या विश्लेषण गर्दा हरेक तहमा पुरुषको तुलनामा महिला अलि पछि परेका छन् । ३५.७१% साक्षर छन् भने महिला ३२.१९% साक्षर छन् । उच्च शिक्षा हासिल गर्ने पुरुष २५.४३% छन् भने महिला २२.९८% छन् ।

महिलाको वैवाहिक स्थितिलाई हेर्दा ७०.५८% महिला विवाहित, १७.६४% विधवा र ८.८३% सम्बन्धविच्छेद भएको पाइयो । अविवाहित २.९५% हुनुले त्यहाँका महिलाको छिटो विवाह हुने प्रविधि देखियो । जम्मा उत्तरदातामध्ये अधिकांश ५५.८८% को २१ देखि ३० वर्षको उमेरमा विवाह भएको पाइयो । यसले के देखाउँछ भने अधिकांश महिलाहरू घरव्यवहार बच्चा पाउने काममा संलग्न भएको देखिन्छ । जसको प्रभाव केही मात्रामा भए पनि शिक्षामा परेको पाइयो । सर्वेक्षण अनुसार ३४ उत्तरदातामध्ये २०.५९% नाम मात्र लेख्न जान्ने, १४.७०% पुरै निरक्षर भएको पाइयो । औपचारिक रूपमा शिक्षा लिएकाहरूमा पनि १० भन्दा माथि ३२.३६% पाइयो ।

उत्तरदाताको पारिवारिक पेशालाई हेर्दा १७.६४% घरधुरीले कृषि पेशा तथा ४४.१३% घरधुरीले व्यापार र ३८.२३% घरधुरीले नोकरी गरेको पाइयो । यसले के देखाउँछ भने प्राय जसो महिलाहरू शिक्षित भएका कारण नोकरी वा व्यापारीमा लागेको दखियो । उत्तरदाताका सम्पूर्ण परिवारको सदस्यहरूको पेशाको विश्लेषण गर्दा अध्ययन क्षेत्रका अधिकांश मानिसहरू विद्यार्थी रहेको पाइयो ।

अध्ययन क्षेत्रमा ६१.७७% घरपरिवाररमा पुरुष घरमूली रहेको पाइयो । ३८.२३% महिला घरमुली रहनुले पुरुषका वर्चस्व परिवारमा रहेको थाहा हुन्छ । यसै सेरोफेरोमा रहेर महिलाको घरायसी क्रियाकलायको निर्णय प्रकृयामा रहेको भूमिका, अवस्थालाई बुझ्न उनीहरूसँग सम्बन्धित विभिन्न पक्षमा रहेको उनीहरूको सहभागिता, निर्णायक भूमिकाको विश्लेषण गरिएको थियो । जस अनुसार कृषि उत्पादन बेच्ने किन्ने काममा बढी ३८.२४% महिलाको निर्णय चल्ने देखियो । अन्न उत्पादनमा पनि बढी महिलाको निर्णय हावी देखियो जसमा ५५.०९% महिलाको निर्णय संलग्न देखियो । यी दुवैमा पुरुष एकदमै कम सहभागिता छ । यसले कृषि क्रियाकलापमा पनि महिलाको भूमिका भएको देखाउँछ । जमीन माथिको स्वामित्व रहेका महिलाहरू ४१.१८% देखियो । जो पछि किनेको बढी जस्तो आफ्नै सक्रियतामा किनेको देखियो । प्रजनन अधिकारमा पनि पुरुषको वर्यस्व रहेको पाइयो । परिवारको आकार निर्धारणमा ५२.९५% दुवैको निर्णय रहेको देखियो । तर ६४% पुरुषले स्वनिर्णयमा स्थाई परिवार नियोजन गरेको पाइयो । बालबालिकाको शिक्षामा चाँहि देवै जनाको निर्णय बढी संलग्न रहेको देखियो ।

महिलाहरूको औपचारिक शिक्षा हासिल गर्नेमा आफ्नै कोशीबाट ४२.१०% लागेको पाइयो । महिलाहरू बाहिरी समुदायमा संलग्नता बढाउनेतिर ध्यानाकर्षण भएको पाइयो । शिक्षा, आयस्तर तथा सामाजिक कारण ३५.३०% महिलाहरूले परिवार भित्र स्वनिर्णयमा समस्या समाधान गर्न नसक्ने विचार प्रकट गरेको पाइयो । निर्णायक तहमा पुग्न नसक्नुको कारण सबभन्दा बढी परम्परागत मूल्यमान्यता ३५.३०% देखियो । त्यसपछि शिक्षा, आयस्रोत र चेतनाको कमी देखियो ।

## ६.२ निष्कर्ष

स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको विश्लेषण तथा माथि उल्लेखित सारांशको आधारमा निम्न प्रकारको निष्कर्षमा पुग्न सकिन्छ । जसलाई दुई भागमा विभाजन गरेर उल्लेख गरिएको छ ।

### १) सामाजिक - आर्थिक विशेषताहरू

उत्तरदाता महिलाहरूमध्ये अधिकांश विवाहित रहनु तथा एकदमै न्यून एक जना मात्र एकल महिला भेटिनुले त्यहाँका महिलाहरूको छिट्टै विवाह हुने तथा सामाजिक

संस्कारमा रहि आएको पाइयो । उत्तरदाताहरूमध्ये अधिकांशले उच्च शिक्षा हासिल गरेका कारण आफूले जुन काम गर्न मन लाग्यो त्यहि गरेको पाइयो । साथै कृषि पेशालाई पनि सँगै अँगाल्दै लगेको पाइन्छ । अध्ययन क्षेत्रका मानिसहरूको स्तरगत आधारमा शैक्षिक स्थिति हेर्दा पनि शिक्षाको तह बढ्दै जाँदा पुरुषको सहभागिता बढ्दो छ तर महिलाहरू पनि पुरुष भन्दा अलि कम मात्र रहेका छन् ।

अध्ययन क्षेत्रका मानिसहरू तथा उत्तरदाता महिलाहरूको परिवार अधिकांश नाकरी र व्यापारी पेशामा संलग्न रहनुले महिलाहरू पनि घरायसी कामकाजका साथै कृषि कार्य तथा नोकरी, व्यापारी पेशा सम्म संलग्न छन् । यहाँ महिला र पुरुष दुवैले नोकरी र व्यापारीमा संलग्न भएको देखिन्छ । ५५.८८% महिलाको विवाह २१-२५ वर्षभित्र भएको पाइयो । यो उमेर भनेको बच्चा जन्माउन पनि स्वस्थ मानिने उमेर हो र यहाँका महिलाले १ देखि २ बच्चा मात्र पाइ आफ्नो स्वास्थ्य र आम्दानीको राम्रो ख्याल गरेको पाइयो । अधिकांश परिवारमा पुरुष घरमूली छन् । उनीहरू नोकरी, व्यापारी जस्ता आय आर्जन कार्यमा संलग्न रहेका छन् । महिला पनि केहीमा कम नरहेपनि परम्परागत सोच या भनौं घरमा पुरुषको नाम अगाडि आउनुपर्छ भन्ने पुरुषप्रधान धारणाले गर्दा महिला घरमूलि कम रहेको पाइयो ।

### २) घरायसी क्रियाकलापको निर्णय प्रकृयामा महिलाको भूमिका

कृषि उत्पादनलाई बेच्ने, किन्ने काम ३८.२४% महिलाको निर्णयमा हुन्छ भने जम्मा २९.४१% निर्णय पुरुषको रहेको छ । साथै अन्न उत्पादन प्रकृयामा पनि कुन विऊ लगाउने भन्नेमा बढी पुरुषको तुलनामा महिला निर्णायक भूमिकामा सक्रिय रहनुले कृषिमा महिला सहभागिता बढी रहेको पाइन्छ । महिलाहरू आफूले कमाएको पैसा घरखर्चमा खर्च गर्दछन् तर पनि केही अंश चाँहि वचतको रूपमा आफू संलग्न भएका समूहमा या भनौं बैंक तथा सहकारीहरूमा लगेको आफ्नै आम्दानी वचत गरेको पाइयो । महिलाको आफ्नो प्रजनन स्वास्थ्यमाथि अधिकार पुरुषको तुलनामा कम रहेको छ तर परिवार नियोजनको साधन प्रयोग गर्ने विषयमा स्थायी गर्ने पुरुष बढी छन् भने अस्थाईमा पनि पुरुषको निर्णय रहनुले जनसंख्या शिक्षाको बारेमा पुरुष बढी संवेदनशिल छन् भन्ने थाहा हुन्छ । साथै महिलाको स्वास्थ्यको ख्याल गरेर पनि यस्ता परिवार नियोजनका साधनहरू आफूले नै प्रयोग गरेको

पाइयो । बालबालिकाको शिक्षामा धेरै जसो परिवारका पुरुष - महिला दुवै बढी संवेदनशिल रहेको पाइयो । परिणाम स्वरूप बालबालिका स्कुल पठाउने कुरामा दुवैको सहभागिता छ ।

महिलाहरू आफू सक्षम भएर आफ्नो परिवारलाई समेत उच्च शिक्षा दिने सोच राखेर महिलाहरू अगाडि बढेकोपाइन्छ । केही महिलाहरू चाँहि आफूले कुनै पनि प्रकारको औपचारिक शिक्षा नलिएकोले आफ्नै चाहनाले साक्षरता कक्षामा संलग्न भएको पाइयो । त्यस्तै छोराछोरी दुवैलाई शिक्षा क्षेत्रमा लगाई उनीहरूको भविष्य सुनिश्चित पार्नुपर्नेसँग सोच रहेको पाइयो । अध्ययन क्षेत्रमा सामाजिक कु-संस्कारको रूपमा रहेको दाइजो प्रथाको नकारात्मक प्रभाव कमै पाइयो । वर्तमान अवस्थामा उत्तरदाता महिलाहरू विभिन्न साना-साना समूहमा आबद्ध रहनुले उनीहरू विस्तारै आय-आर्जन गर्ने तथा स्वाबलम्भी बन्ने प्रयासतिर उन्मुख रहेको भन्न सकिन्छ । साथै यस्ता समूहमा संलग्नताले ६१.३६% महिलाहरूले विभिन्न तालिम पनि लिइएको पाइयो । परिणाम स्वरूप उनीहरूको आत्मविश्वास बढेको पाइन्छ । किनभने यस्ता क्रियाकलापमा उनीहरूको आफ्नो निर्णयमा गरेको पाइयो । महिलाहरू ८-१० घण्टा काम गरेर आफ्नो परिवारलाई सुख दिने प्रयासमा हरदम रहिरहन्छ । उनीहरूले सकेसम्म सबैको खुशीको लागि आफूहरूले काम गर्दै गएको पाइयो । पुरुषहरूले पनि महिलाहरूको कामलाई राम्रोसँग निभाएको पाइयो र दुवैले एक अर्काले गर्ने निर्णयलाई कदर गरिएको पाइयो ।  अधिकांश महिलाले स्वतन्त्र पूर्वक घरायसी समस्या समाधानमा निर्णय दिन सक्नुमा शिक्षाको मूख्य तत्वको रूपमा रहेको पाइन्छ ।

यसकारण भन्न सकिन्छ कि, घरायसी क्रियाकलापको निर्णय प्रकृयामा अध्ययन क्षेत्रका महिलाहरूको भूमिका तथा अवस्था राम्रो छ । स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको निष्कर्ष तथा यस शीर्षकसँग सम्बन्धित विभिन्न अनसन्धान लेख, प्रतिवेदन, पुस्तकको अध्ययनबाट प्रष्ट हुन्छ कि नेपाली समाजमा महिलाको सामजिक-आर्थिक, शैक्षिक, सांस्कृतिक अवस्था अलि कमजोर छ । जसको प्रभाव उनीहरूले घरभित्र, समाजमा निभाउने भूमिका क्रियाकलापमा निर्णायक विचार दिने कुरामा परेको पाइन्छ । आधा भन्दा बढी जनसंख्या ओगटेका महिलाहर समाज, देश तथा परिवारसँग सम्बन्धित विकासका काममा अग्रसर छन् । उनीहरूको श्रमको सहभागिताको अवमूल्यन हुन्छ भने त्यसको असर प्रत्येक समाजमा सकरात्मक पर्न जान्छ । त्यसकारण सामाजिक विभेद, रुढीवादी संस्कृतिलाई चिर्दै उपयुक्त ज्ञान र सीपबाट उनीहरूको दक्षता वृद्धि गरी रोजगारीका साथै अन्य विभिन्न अवसर प्रदान गर्दै निर्णायक भूमिकामा पुऱ्याउन सकिन्छ ।

# सन्दर्भग्रन्थ सूची


अर्याल, भोजेन्द्र (२०६५), नेपाली समाज र संस्कृतिको विश्लेषण, ज्ञानकुञ्ज प्रकाशन काठमाण्डौं ।

काठमाडौं जिल्लाको वस्तुगत विवरण (२०६९) राष्ट्रिय योजना आयोगको सचिवालय केन्द्रीय तथ्याङ्क विभाग, प्रकाशन शाखा तथ्याङ्क कार्यालय, काठमाडौं ।

प्रधान, गौरी (२०६८), परिवर्तनको बाटोमा महिला र मानव अधिकार, महिला अधिकार, राष्ट्रिय महिला आयोग ।

पौडेल, तुलसीराम (२०५८)। लैङ्गिक अध्ययनका रूपरेखा, निमा पुस्तक प्रकाशन, प्रदर्शनीमार्ग, काठमाण्डौं ।

राष्ट्रिय जनगणना (२०६८) केन्द्रिय तथ्याङ्क विभाग काठमाण्डौं ।

श्रेष्ठ, केशव र साथीहरू (२०६६), लैङ्गिक अध्ययन एकेडेमिक बुक सेन्टर कीर्तिपुर ।

त्रिवर्षीय अन्तरिम योजना(२०६७/०६८-२०६९/०७०) त्रिवर्षीय योजनाको आधारपत्र राष्ट्रिय योजना आयोग ।

Acharya, M. (1997). *Gender equality and empowerment of women in Nepal*. A Status Report Submitted to UNFPA, Kathmandu.

Acharya, M. (1993). *Feminist movement in Nepal*. Paper Presented at the Regional Sminar- cum-workshop of women and media, Kathmandu. Nepal

Dhakal & Sheikh (1997). *Breaking barriaens building bridges : A case study of USAID*. Women and Empowerment Programme, Kathmandu.

Ritzer, G. (2000). *Modern sociological theory*. New York : McGrow Hill Company.

# परिशिष्ट

## अन्तर्वार्ता सूची

घरायसी निर्णय प्रक्रियामा महिलाको भूमिका : सिमीकोट गा.वि.स. का क्षेत्री महिलाहरूको एक समाजशास्त्रीय अध्ययन

१. उत्तरदाताको नाम :

उमेर : धर्म :

शिक्षा :

२. वैवाहिक स्थिति :

क) विवाहित : ख) अविवाहित ग) एकल

घ) विधवा : ङ) सम्बन्ध विच्छेद

३. उत्तरदाताको पारिवारिक संरचना

| क.सं. | नाम | घरमूलीसँगको नाता | उमेर | लिङ्ग | धर्म | शिक्षा | पेशा |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |

४. विवाह गर्दाको उमेर ............................

५. पेशा

क) नोकरी ख) कृषि ग) व्यापार घ) अन्य

६. तपाईको जमिन छ कि छैन ?

क) छैन ख) छ भने कति रोपनी ........................

७. तपाईको उत्पादनको कति समय खान पुग्छ ?

कं) १-३ महिना ख) ४-६ महिना

ग) ७-९ महिना घ) १०-१२ महिना

८. बढी भएको अन्न के गर्नुहुन्छ ?

क) बजारमा लगेर बेच्ने ख) पैसो दिने

ग) घरायसी काममा लगाउने

९. यदि पुग्दैन भने कहाँबाट ल्याएर व्यहोर्नु हुन्छ ?

क) सेवा ख) व्यापार

ग) ज्यालादारी घ) अन्य

१०. कृषि उत्पादनलाई बेच्ने/किन्ने काममा कसले निर्णय गर्छ।

क) पुरुष ख) महिला

ग) दुवै घ) अन्य

११. कुन अन्न उत्पादन गर्ने भन्ने कुरा कसले निर्णय गर्छ ?

क) पुरुष ख) महिला ग) दुवै घ) अन्य

१२. घरायसी सामान किन्ने काममा कसले निर्णय गर्छ ?

क) पुरुष ख) महिला ग) दुवै घ) अन्य

१३. पैसा लिने र दिने काममा के महिलाको सहभागिता रहन्छ ?

क) हुन्छ ख) हुँदैन

१४. घरायसी खर्चमा कसको निर्णय हुन्छ ?

क) पुरुष ख) महिला ग) दुवै घ) अन्य

१५. कृषि पेशा बाहेक तपाईसँग अन्य कुनै पेशा छ ?

कं) छ ख) छैन

१६. यदि छ भने यस पेशाको निम्ति कसले निर्णय गरेको थियो ?

क) आफै ख) श्रीमान ग) सासु

घ) ससुरा घ) अन्य ..................

१७. महिनामा कति जति कमाउनु हुन्छ ?

क) ५००० भन्दा माथि ख) १०००० भन्दा माथि

ग) १५००० भन्दा माथि घ) २५००० भन्दा माथि

१८. तपाईको कमाई कसले लिन्छ ?

क) आफै ख) श्रीमान ग) सासु

ग) ससुरा घ) अन्य .................

१९. आफ्नो कमाइको केही अंश बचत गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

२०. दिनमा काम गर्ने अवधि (घण्टा)

क) काम गर्ने समय (पुरुष) .................

ख) कामगर्ने समय (महिला) .................

२१. आफ्नो काममा जमीन छ ?

क) छ ख) छैन

२२. यदि छ भने पैत्रीक सम्पत्ति हो कि पछि किनेको ?

क) पैत्रीक सम्पत्ति ख) किनेको

२३. यदि छ भने तपाईको नाममा जमिन किन्नलाई कसले निर्णइ गर्छ ?

क) आफै ख) श्रीमान ग) सासू

घ) ससूरा ङ) अन्य

२४. परिवारमा छोरा/छोरी कति बच्चा चाहिन्छ भन्ने बारे कसले निर्णय गर्छ ?

क) आफै ख) श्रीमान ग) सासू

घ) ससूरा ङ) दुवै

२५. परिवार नियोजनको साधनबारे सुन्नुभएको छ ?

क) छ ख) छैन

२६. परिवार नियोजनको साधन प्रयोग गरेको छ ?

क) छ ख) छैन

२७. यदि स्थाई हो भने कसले गरेको छ ?

क) श्रीमान ख) श्रीमती

२८. कसले निर्णय गर्छ ?

क) श्रीमान ख) श्रीमती ग) अन्य

२९. के तपाईलाई छोरा/छोरी स्कुल पठाउनु आवश्यक लाग्छ ?

क) लाग्छ ख) लाग्दैन

३०. छोरा/छोरीलाई स्कुल पठाउने कुरामा कसले निर्णय गर्छ ?

क) महिला ख) पुरुष ग) दुवै घ) अन्य

३१. तपाई कुनै प्रौढ कक्षामा संलग्न हुनुहुन्छ ?

क) छ ख) छैन

३२. यदि हुनुहुन्छ भने कसले यो निर्णय गर्छ ?

क) आफै ख) श्रीमान् ग) दुवै घ) अन्य

३३. तपाईको परिवारमा कोही बिरामी हुादा डाक्टर तथा जान्नेसँग सल्लाह लिनुहुन्छ ?

क) लिन्छु ख) लिदिन

३४. यदि लिनुहुन्छ भने कसको निर्णयबाट लिनुहुन्छ ?

क) पुरुष ख) महिला ग) दुवै घ) अन्य

३५. यदि हुँदैन भने किन डाक्टरको सल्लाह लिनुहुँदैन ?

क) पैसाको कमीले

ख) समयको अभाव

ग) ज्ञानको कमीले

३६. तपाईको परिवारमा दाइजो दिने चलन छ कि छैन ?

क) छ ख) छैन

३७. यदि छ भने दाइजो कति दिने भनेर कसले निर्णय गर्छ ?

क) पुरुष ख) महिला ग) दुवै घ) अन्य

३८. गएको दश वर्षमा कसैले तपाईको घरबाट विवाह गर्नुभएको छ ?

क) छ ख) छैन

३९. त्यो विवाहको निम्ति कसले निर्णय गर्नुभएको थियो ?

क) आमा ख) बुबा ग) दुवै घ) अन्य

४०. तपाई कुनै सामुदायिक समूहमा सदस्य हुनुहुन्छ ?

क) आमा समूह

ख) सामुदायिक वन उपभोक्ता समुह

ग) अन्य

४१. के तपाई आफ्नो विचार सामुदायिक समुहमा व्यक्त गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

४२. तपाईले कुन तालिम लिनुभएको छ ?

क) छ ख) छैन

४३. तालिम लिनमा कसले निर्णय गर्नुभएको थियो ?

क) श्रीमान ख) आफै ग) सासु

घ) ससुरा ङ) अन्य

४४. घरायसी क्रियाकलापको निर्णय गर्दा तपाई स्वतन्त्रपूर्वक गर्नसक्नु हुन्छ ?

क) सक्छु ख) सक्दिन

४५. यदि सक्नु हुँदैन भने किन ?

.......................................................................................................

.......................................................................................................

४६. घरायसी समस्यामा निर्णयगर्दा प्रभाव पार्ने तत्त्वहरू के के हुन् जस्तो लाग्छ ?

क) शिक्षाको कमी

ख) चेतनाको कमी

ग) आयस्तरमा कमी

ङ) परम्परागत मूल्य मान्यता

च) अन्य